मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com




विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३०८ ★ ने. सं. ११४६ थिंला थ्व, षष्ठी ★ बुधबार ★ १० मङ्सिर, २०८२ ★ November 26, 2025, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# विस्तृत शान्ति सम्झौताको १९ वर्ष : माओवादीको अवसान !

काठमाडौँ, ९ मङ्सिर । तत्कालीन शान्तिपूर्ण आन्दोलनरत सात राजनैतिक दलहरू नेका, एमाले, नेका (प्र), नेमकिपा, जनमोर्चा नेपाल, वाम मोर्चा र नेसपा (आनन्ददेवी) को समर्थनमा बनेको सरकार र सशस्त्र सङ्घर्षरत माओवादीबिच विस्तृत शान्ति सम्झौता भएको १९ वर्ष पूरा भयो । २०६३ साल मङ्सिर ५ गते सरकारको तर्फबाट तत्कालीन सरकार प्रमुख गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले उक्त सम्झौतामा हस्ताक्षर गरेका थिए । सम्झौतामा राजनैतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्वको व्यवस्थापन, सेना र हातहतियारको व्यवस्थापन, माओवादी र नेपाली सेनासम्बन्धी, युद्धको अन्त्य र पीडितहरूको परिपूरणको विषय उल्लेख थियो ।

माओवादी शान्ति प्रक्रियामा आइसकेको दुई दशक भयो । यस अवधिमा माओवादी नेतृत्वमा पटक-पटक सरकार बने । प्रचण्डले धेरै पटक सरकारको नेतृत्व गरिसके भने बाबुराम भट्टराई पनि एकपटक प्रधानमन्त्री बने । तर, अहिलेसम्म माओवादी र सरकारबिच भएको सशस्त्र द्वन्द्वका पीडितहरूको समस्या सम्बोधन हुन सकेको छैन । द्वन्द्वमा हत्या, बलात्कार, अङ्गभङ्ग र बेपत्ता भएकाहरूको सम्बन्धमा छानबिन गर्न पटक-पटक आयोगहरू बने । ती आयोगहरूले समय समयमा सूचना प्रकाशित गरी पीडितहरूको विवरण सङ्कलन पनि गरे तर पीडितहरूलाई रोजगारी, क्षतिपूर्ति दिने तथा पीडकहरूलाई कानुनबमोजिम सजाय दिने प्रक्रिया अगाडि बढाउन सकेको छैन ।

२०६३ सालपछि सबभन्दा बढी सरकारमा पुगेका कुनै दल छ भने त्यो माओवादी नै हो । माओवादी पटक-पटक सरकारमा गएर पनि पीडितहरूको समस्याबारे ध्यान नदिएको कारण अहिले कतिपय पीडितहरूले न्याय पाउने आशा पनि मारिसकेका छन् । द्वन्द्वमा घाइते भएका कैयौँ माओवादी लडाकुहरू अपाङ्ग शरीर लिएर कष्टकर जीवन बिताइरहेका छन् भने कति उपचारको अभावमा तड्पिरहेका छन् । कैयौँ लडाकुहरू खाडीको ५० डिग्रीभन्दा बढी तापक्रममा गएर पसिना बगाइरहेका छन् । कैयौँले 'देशको निम्ति रगत बगाउन तयार भएकोमा अब विदेशको निम्ति भए पनि रगत बगाउँछौँ' भन्दै रुस युक्रेनको युद्धमा बन्दुक भिर्दै 'लेनिनको देशमा लड्न पाएकोमा गर्व' गरिरहेका छन् ।

२०६४ सालमा माओवादी एक्लै चुनाव लडेर पनि प्रत्यक्षतर्फ ५० प्रतिशत अर्थात् १२० सीट जितेको थियो । त्यतिबेला माओवादी राजनैतिक मुद्दाहरू टुङ्ग्याउनतिर लागेको भए सहजै समाधान हुने थियो । चुनावमा धेरै सीट जितेकोमा माओवादीहरूमा घमण्ड र उन्माद चढ्यो । उनीहरूले दशकौँसम्म माओवादीको शासन चल्ने सोचे र शत्रुहरूलाई चानचुन ठानी गल्ती गरे । त्यत्रो शक्तिशाली सरकार नौ महिनामै ढल्यो । यस अवधिमा सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग बने पनि त्यसले न्याय दिन सकेन । ती आयोगहरू पार्टी कार्यकर्ताहरूलाई जागिर खुवाउने भर्ती केन्द्रमात्र साबित भए । यसैबिच सर्वोच्च अदालतले क्रूर हत्या, बलात्कारजस्ता जघन्य अपराधहरूलाई आममाफी दिन नमिल्ने फैसला गर्‍यो । त्यसले अर्को जटिलता थप्यो ।

माओवादी पीडितहरू माओवादी नेतृत्वलाई नै कारबाहीको घेरामा ल्याउन अदालत पुगे । माओवादी भने ओरालो लाग्ने क्रमले तिव्रता पायो । २०५२ सालदेखि ०६२ सालसम्म एकजुट भएर देशव्यापी आन्दोलन चलाएका माओवादी शान्ति प्रक्रियामा आएदेखि छिन्नभिन्न भए । प्रचण्ड, वैद्य, बाबुराम भट्टराई, नेत्रविक्रम चन्द (विप्लव), धर्मेन्द्र बाँस्तोला (बहुमत), जनार्दन शर्मा नेतृत्वको समूहसमेत गर्दा आधा दर्जन जति टुक्रामा विभाजित भइसकेका छन् । विभाजनले माओवादी झन्झन् कमजोर हुँदै गयो ।

माओवादी नेतृत्व तहका नेताहरू नै पद र पैसाका लागि सिद्धान्त र विचार त्यागेर पार्टी परिवर्तन गर्ने गरेको दृश्य पनि देखियो । रामबहादुर थापा (बादल), टोपबहादुर रायमाझीलगायत एमाले प्रवेश गरे । भुटानी शरणार्थी काण्डमा रायमाझी अहिले जेलमा छन् । माओवादीकै कृष्णबहादुर महरा सुनकाण्डमा जेलमै छन् । यस्ता अपराधमा परेका थुप्रै नेता कार्यकर्ताहरू जेलमा या फरार अभियुक्तको सूचीमा छन् । शासन सत्ता परिवर्तनका लागि हिँडेका माओवादीहरू शान्ति प्रक्रियापछि आफै परिवर्तन भई पुँजीवादको दलदलमा डुब्दै गए । यसले माओवादीप्रति जनविश्वास झन्झन् घट्दै गयो ।

माओवादी अध्यक्ष प्रचण्डले चुनाव जित्न पटक पटक निर्वाचन क्षेत्र परिवर्तन गर्दै हिँड्नु पर्ने अवस्था आयो । गत चुनावमा बाबुराम भट्टराईले गोरखा निर्वाचन क्षेत्र नछोडेको भए प्रचण्डलाई जित्ने ठाउँ भेटाउन मुस्किल थियो । माओवादी एक्लै चुनाव जित्ने सम्भावना नभएपछि कहिले एमालेसँग त कहिले नेकासँग सिद्धान्तहीन चुनावी गठबन्धन

*बाँकी पृष्ठ ८ मा*

# नेमकिपाका कार्यकर्ताहरू मालापानी र राँसा गाउँमा

जुम्ला, ९ मङ्सिर । नेमकिपाले जनतालाई समाजवादी शिक्षा दिँदै राजनीतिक र वैचारिकरूपले सचेत पार्ने कामलाई निरन्तरता दिँदै छ । जनताको घर आँगन, बस्तीमा पुगेर राजनीतिक चेतना जगाउने काम तिला गाउँपालिकाको वडा नं. ९ स्थित मालापानी गाउँमा पनि भयो ।

उक्त भेटघाटमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले नेमकिपाले इमानदारीपूर्वक देश र जनताको सेवा गरिरहेको उल्लेख गर्दै देशमा बहुमत जनताको सेवा गर्न आमूल परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भेटघाटको क्रममा स्थानीय जनताले नेमकिपाको झन्डामुनि लागेर साथ दिने वचन दिए ।

यस्तै भेटघाट राँसा गाउँमा पनि भयो । केन्द्रीय सदस्य काफ्लेले गरिब जनताको दुःख बुझ्ने र गरिबवर्गको सेवा गर्ने नेमकिपालाई विश्वास गर्न आग्रह गर्नुभयो ।

केन्द्रीय सदस्य काफ्लेको नेतृत्वमा रहेको टोलीले राँसा आधारभूत विद्यालयमा पुगी विद्यालयको स्थितिबारे बुझ्ने काम गर्‍यो ।

विद्यालयमा आवश्यक दरबन्दी नहुँदा विद्यालय सञ्चालनमा कठिनाइ भइरहेको र गाउँले जनताको सहयोगले विद्यालय चलिरहेको स्रोतले बतायो ।

विद्यालयका प्रधानाध्यापक शेरबहादुर राउतका अनुसार विद्यालयमा ३ सय विद्यार्थी भए पनि सोअनुसार दरबन्दी नभएको गुनासो पोख्नुभएको पनि बुझिएको छ ।

# हरेक गतिविधिहरू जनपक्षीय हुनुपर्ने

दैलेख, ९ मङ्सिर । नेपाल मजदुर किसान पार्टी आठबीस नगर समितिको आयोजनामा सोमबार नगरस्तरीय भेला भयो ।

उक्त भेलामा सङ्गठन सुदृढीकरण, जनचेतना अभिवृद्धि र राजनीतिक सक्रियतासम्बन्धी विषयमा छलफल गरिएको थियो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले देशी तथा विदेशी शक्तिहरू भारत, अमेरिका र युरोपियन युनियनले नेपालका नेताहरूलाई बदनाम गराउने र जनतामा राजनीतिप्रति वितृष्णा फैलाउन भूमिका खेलेको आरोप लगाउँदै सङ्गठन बलियो बनाउन अघि बढ्नुपर्नेमा जोड दिनुभयो । जीवनका कठिन परिस्थितिले व्यक्तिलाई सङ्घर्षशील र लक्ष्यप्रति केन्द्रित बनाउने र ऐस आरामको जीन्दगीले मान्छे असफल बन्ने उहाँको भनाइ थियो ।

पार्टीका वैकल्पिक केन्द्रीय सदस्य विनोद विश्वकर्माले चुनाव जित्नुमात्रै पर्याप्त नभई सङ्गठनलाई चुस्त-दुरुस्त बनाएर एकढिक्का बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले साहित्यिक गतिविधि, गीत-सङ्गीतजस्ता सांस्कृतिक माध्यममार्फत जनतामा जनचेतना फैलाउन सकिने सुझाव दिनुभएको थियो ।

नेमकिपा कर्णाली प्रदेश समितिका लालबहादुर थापाले कर्णाली प्रदेश प्राकृतिक सम्पदामा धनी हुँदाहुँदै सत्तासीन राजनीतिक दलहरूको बेवास्ताका कारण विकासमा प्रदेश पछाडि परेको उल्लेख गर्नुभयो । युवाहरूले अध्ययनमार्फत जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित बनाउनुपर्ने उहाँको धारणा थियो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पूर्व केन्द्रीय सदस्य प्रज्वल खत्रीले भदौ २३ र २४ को जेन-जी आन्दोलन, त्यसको परिणाम तथा राजनीतिक चेत अभावका कारण देखिएको वर्तमान अवस्थाबारे धारणा राख्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य नगर समितिका उपाध्यक्ष कृष्ण बडुवालले गर्नुभएको थियो । भेलाका सभापति एवं आठबीस नगर समितिका

*बाँकी पृष्ठ ८ मा*




युरोपेली देश बेल्जियमको राजधानी ब्रसेल्समा प्रधानमन्त्री बार्ट डे वेभेरको सरकारले ल्याएको आर्थिक कटौतीको विरुद्ध ७२ घण्टे राष्ट्रव्यापी आमहडतालको क्रममा भइरहेको मजदुरहरूको प्रदर्शन नोभेम्बर २५, २०२५ का दिन । जुलुसमा सहभागी प्रदर्शनकारीहरूले प्रम वेभेरको पुतला बोकेका छन् । २४ नोभेम्बरदेखि भइरहेको आमहडतालका कारण उद्योगधन्दा, रेल्वे सेवा र सार्वजनिक यातायातदेखि विद्यालयसम्म ठप्प रहेका छन् ।

*तस्बिर : एएफपी/ निकोलस मिटरलिङ्क*

*व्यङ्ग्यचित्रको कुनो*



# ११ औँ उद्योग दिवसको अवसरमा भक्तपुरका तीनजना उत्कृष्ट उद्यमीहरू सम्मानित




भक्तपुर, ९ मङ्सिर । उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको आयोजनामा एघारौं उद्योग दिवस २०८२ को उपलक्ष्यमा प्रभातफेरी तथा उत्कृष्ट उद्यमी सम्मान कार्यक्रम मङ्गलबार दत्तात्रयमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जी.के. पोल्ट्री फार्मका शिशिर किसी, गुण सेरामिक्स उद्योगका गुणलक्ष्मी अवाल र महालक्ष्मी पाउँ उद्योगका रामकृष्ण ध्वोजु श्रेष्ठलाई सम्मानित गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले घरेलु तथा साना उद्योगहरू देशकै महत्त्वपूर्ण व्यवसायको रूपमा रहेको चर्चा गर्दै देशको अर्थतन्त्रमा घरेलु उद्योगले महत्त्वपूर्ण टेवा पुऱ्याएको बताउनुभयो ।

विदेशी सामान आयातले घरेलु उद्योगहरूमा प्रत्यक्ष असर परिरहेकोमा चिन्ता गर्दै उहाँले भक्तपुर नगरपालिकाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरी नगरवासीहरूलाई आत्मनिर्भर बनाउन प्रेरित गर्दै आएको बताउनुभयो ।

अन्तरिम सरकारले भ्रष्टाचारीलाई कारबाही र प्रतिनिधिसभाको चुनाव शान्तिपूर्ण, मर्यादित र धाँधलीरहित तरिकाले सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्नुपर्ने बताउँदै उहाँले सार्वजनिक संस्थानहरूलाई कम्पनीमा लाने नीतिगत निर्णय गरी देशको अर्थतन्त्रमा दीर्घकालीन असर पुग्ने काम भएको स्पष्ट पार्नुभयो ।

घरेलु सामानहरूको ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सरकारले आवश्यक व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले भक्तपुर नगरपालिकाले बेरोजगार र आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई युवा उद्यमशीलता प्रवर्द्धन ऋणको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामकृष्ण श्रेष्ठले उद्योग दिवसको अवसरमा गरिएको उद्यमी सम्मानले उद्यमीहरूलाई थप हौसला प्रदान गर्ने बताउँदै भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले 'गो लोकल' कार्यक्रम सञ्चालन गरी भक्तपुरका १५ वटा वस्तुहरूको उत्पादनलाई सूचिकृत गरी प्रवर्द्धन गर्दै आएको बताउनुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घ अध्यक्ष रोशनीकुमारी श्रेष्ठले नेपाल सरकारले उद्यमीहरूको लागि प्रोत्साहनस्वरूप स्टार्ट अप उद्यम कर्जा र महिला उद्यमीको लागि बिनाधितो कर्जा उपलब्ध गराइरहेको बताउँदै मुलुकको आर्थिक विकासमा उद्योगको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । देशलाई आत्मनिर्भर बनाउन नयाँ-नयाँ उद्योगहरू सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो ।

भक्तपुर च्याम्बर अफ कमर्सका अध्यक्ष कविदास श्रेष्ठले लोपोन्मुख भक्तपुरका पेसा व्यवसायलाई संरक्षण र प्रवर्द्धन गर्नुपर्ने बताउँदै स्थानीय स्तरमा रोजगारी अभिवृद्धि हुने किसिमका गतिविधिहरू सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका कार्यालय प्रमुख रामप्रसाद कुस्माले सम्मानित उद्योगीहरूलाई बधाईज्ञापन गर्दै उद्योग तथा वाणिज्य कार्यालयले उद्यमीहरूलाई लक्षित नीति नियम बनाउनुका साथै विभिन्न सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।

# काठमाडौँबाट लुटिएका हतियारसहित तीन जना झापामा पक्राउ

सुरुङ्गा (झापा) ९ मङ्सिर । जेनजी प्रदर्शनका क्रममा महानगरीय प्रहरी कार्यालय काठमाडौँबाट लुटिएका दुई थान पेस्तोलसहित प्रहरीले झापाको दमकबाट तीन जनालाई पक्राउ गरेको छ । प्रहरीले उनीहरूको साथबाट दुई थान पेस्तोल र २० राउण्ड गोलीसमेत बरामद गरेको छ ।

पक्राउ पर्नेमा दमक-६ प्रशान्तिटोलका २९ वर्षीय विश्व लिङ्देन, दमक-९ बस्ने २६ वर्षीय सरोज पुरी र इलाम चुलाचुली-४ आइतबारे बस्ने ३० वर्षीय पवन हाङसुब्बा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

गए राति लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट प्रहरी नायब निरीक्षक कुमार सोमेस लामिछानेको कमाण्डमा खटिएको टोली र दमक इलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरीको संयुक्त टोलीले दमक-८ मा डेरा गरी बसेका सरोज पुरीलाई कोठा बाहिर हिँडडुल गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको थियो । उनको साथबाट ठुलो चापे टाइप-५४ चाइनिज पेस्तोल एक थान र १५ राउण्ड गोली बरामद भएको ब्यूरोले जनाएको छ । प्रारम्भिक अनुसन्धानपछि उनलाई इलाका प्रहरी कार्यालयमा बुझाइएको थियो ।

प्रहरीले सोधपुछ गर्दा पुरीले अर्को हतियार विश्व लिङ्देनकहाँ राखेको बयान दिएका थिए । त्यसैका आधारमा प्रहरीले लिङ्देनलाई घरमै पुगेर पक्राउ गरेको थियो । थप सोधपुछमा विश्व लिङ्देनले सो हतियार इलाम चुलाचुली-४ बस्ने पवन हाङसुब्बालाई रु. २० हजारमा बिक्री गरेको स्वीकार गरेको प्रहरीको भनाइ छ । पछि लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टा र इलाका प्रहरी कार्यालयको संयुक्त टोली हाङसुब्बाको बारीमा पुगेको थियो ।

त्यहाँ खाल्डो खनेर रातो प्लास्टिकको झोलामा लुकाएर राखिएको अवस्थामा ठुलो चापे टाइप-५४ चाइनिज पेस्तोल एक थान तथा पाँच राउण्ड गोली पेस्तोलमै लोड गरिएको, खिया लागेको अवस्थामा फेलापरेको प्रहरीले जनाएको छ । हाङसुब्बालाई समेत नियन्त्रणमा लिएर दमकमा ल्याइएको छ । बरामद दुवै हतियार र २० राउण्ड गोलीसहित तीनै जनालाई आवश्यक कारबाहीका लागि काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ । **रासस**

# भक्तपुरका युवाहरू जिम र फिटनेसतर्फ आकर्षित

**- समीर बज्राचार्य, प्रशिक्षार्थी**

भक्तपुर जिल्लामा हालका दिनमा जिम र फिटनेसप्रतिको आकर्षण तीव्ररूपमा बढिरहेको छ । युवा वर्ग, विशेषगरी १६ देखि ३० वर्ष उमेर समूहका युवाहरू जिम, शारीरिक तालिम र विभिन्न फिटनेस कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भइरहेका छन् । भक्तपुर, सूर्यविनायक, चाँगुनारायण, मध्यपुर थिमिलगायतका क्षेत्रमा रहेका जिमहरूले सदस्यता लिने युवाहरूको सङ्ख्या निरन्तर बढिरहेको बताइरहेका छन् ।

जिमअनुसार युवाहरू स्वस्थ शरीर तथा समग्र जीवनशैली सुधारप्रति बढी सचेत बन्दै छन् । तनाव, बसाइँमुखी जीवनशैली र अस्वस्थकर खानपानजस्ता समस्यालाई कम गर्न चाहने इच्छा तथा आत्मविश्वास बढाउन चाहने उनीहरू जिमतर्फ आकर्षित भएका हुन् । सामाजिक सञ्जालमा फिटनेससम्बन्धी सामग्री र फिटनेस चुनौतीहरूले पनि युवाहरूलाई थप प्रेरित गरिरहेका छन् ।

फिटनेस प्रशिक्षकहरूका भनाइअनुसार विद्यार्थी, जागिरे र शारीरिक परीक्षण आवश्यक पर्ने तयारीमा रहेका युवा सबै नियमित रूपमा व्यायाममा संलग्न छन् । बिहान र बेलुकाका जिम सेसनहरू युवाहरूको दैनिक जीवनशैलीको सामान्य हिस्सा बन्दै गएका छन्, जसले स्वास्थ्यप्रति बढ्दो जागरुकता झल्काउँछ ।

जिमले आधुनिक उपकरण, समूह व्यायाम, आहार सल्लाह तथा व्यक्तिगत प्रशिक्षणजस्ता सेवाहरू विस्तार गरिरहेका छन् । केही फिटनेस केन्द्रहरूले मानसिक स्वास्थ्य र सक्रिय जीवनशैलीका फाइदाबारे सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेका छन् । युवाहरूका अनुसार फिटनेस अहिले रुचिमात्र होइन, दीर्घकालीन स्वास्थ्यका लागि आवश्यक जीवनशैली बनिसकेको छ । जिम र फिटनेसप्रति यो बढ्दो आकर्षणले भक्तपुरमा स्वस्थ जीवनशैलीतर्फ सकारात्मक परिवर्तन भइरहेको सङ्केत गर्छ ।

# ख्वप साकोसमा धन्यवाद ज्ञापन

भक्तपुर, ९ मङ्सिर । ख्वप बचत तथा ऋण सहकारी संस्था लि. सञ्चालक समितिको आयोजनामा धन्यवाद तथा बधाई ज्ञापन कार्यक्रम सम्पन्न भयो । संस्थाका अध्यक्ष राजकुमार लघु, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. को २०८२ कार्तिक २९ गते भक्तपुर बैङ्क्वेटमा सम्पन्न गरिमामय २१ औं साधारणसभाबाट सञ्चालक सदस्य पदमा निर्विरोध निर्वाचित भएको सुखद अवसरमा सो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा संस्थाका अध्यक्ष राजकुमार लघुले जिल्ला सङ्घको नेतृत्वमा गएर नेतृत्व गर्न पाउनु आफू र ख्वप बचतका लागि गौरवको विषय हो भन्नुभयो । यो सम्मान कार्यक्रमले सहकारी आन्दोलनको बिकाशमा अझ जागरुक भएर लाग्ने हौसला मिलेको छ भन्नुभयो ।

ख्वप साकोसका सचिव अमर बासुकलाले हार्दिक बधाई दिँदै कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

संस्थाका कोषध्यक्ष लक्ष्मीनारायण सुवालले संस्थाका अध्यक्ष राजकुमार लघु जिल्ला सङ्घको सञ्चालक समिति सदस्यमा निर्विरोध निर्वाचित भएकोमा बधाई दिँदै सहकारी आन्दोलनको विकासमा ख्वप साकोसको नाम थप उचँ पार्न साकोस् भनी शुभकामना दिनुभयो ।

कार्यक्रममा संस्थाका सचिव अमर बासुकलाले जिल्ला सङ्घका निर्वाचित सञ्चालक सदस्य राजकुमार लघुलाई खादा ओढाइ सगुन दिई सम्मान गर्नुभएको थियो । कार्यक्रममा सञ्चालक सदस्यहरू राजेश ब्यान्जु, राजाराम सुवाल, चण्डेश्वरी याकामी, कृष्णप्रसाद आचार्य र व्यवस्थापक रत्ना ब्यान्जुले पनि बधाई ज्ञापन दिनुको साथै कार्यकाल सफलताको हार्दिक शुभकामना व्यक्त गर्नुभएको थियो ।

# बजार अनुगमनलाई तीव्र पार्दै वाणिज्य विभाग

काठमाडौँ, ९ मङ्सिर । पछिल्ला दिनमा बजार अनुमगन, निरीक्षण र कारबाही प्रक्रियालाई तीव्र पारेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले १४ वटा उद्योग तथा फर्मलाई कारबाही गरेको छ ।

विभागका अनुसार भक्तपुरको मध्यपुरथिमिमा रहेको हलेसी मार्ट प्रालिलाई रु. दुई लाख जरिवाना गरेको छ । सोही स्थानका ओम शिवशक्ति सेरामिक प्रालिलाई रु. ५० हजार जरिवाना गरेको छ ।

अनुगमनका क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को (१) बमोजिम कारबाही गरिएको हो । विभागले काठमाडौँ र भक्तपुरका विभिन्न उद्योग तथा प्रतिष्ठानमा एकैपटक बजार अनुमगन गरेको र कैफियत देखिएकालाई जरिवाना गरेको हो ।

त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

उपभोक्ता संरक्षण ऐनको दफा ३९ मा 'बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहायबमोजिम जरिवाना गर्न सक्नेछ' भन्ने व्यवस्था छ । ऐनअनुसार अनुचित व्यापारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम रु. दुई लाखदेखि रु. तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

विभागले काठमाडौँ १६ क्षेत्रपाटीको होम मेड स्पाइन्स एण्ड टीसपलाई रु. २० हजार, जिकेएसएस इन्टरप्राइजेज प्रालि गट्ठाघरलाई रु. १० हजार, आशिष ट्रेड लिङ्क क्षेत्रपाटीलाई रु. १० हजार जरिवाना गरेको छ ।

विभागले आइके सर्जिकल सप्लायर्स क्षेत्रपाटी काठमाडौँलाई रु. ५५ हजार जरिवाना रकमसहित २४ घण्टाभित्र उपस्थित हुन निर्देशन दिएको छ । सिटी मिनरल वाटर एण्ड बेभरेज प्रालि टोखा-८ काठमाडौँलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । विभागले अन्य सात वटा उद्योग तथा फर्मलाई भने सामान्य निर्देशन दिइएको छ । **रासस**

# गुरु गणेशमा श्रद्धाञ्जली सभा

भक्तपुर, ९ मङ्सिर । गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा उपाध्यक्ष श्रीप्रसाद प्रजापतिको श्रद्धाञ्जली सभा मङ्गलबार सम्पन्न भयो ।

श्रद्धाञ्जली सभामा सल्लाहकार कृष्णभक्त लवजूले सहकारी स्थापना गर्न सक्रृय भई तल्लो वर्गको उत्थानको लागि योगदान गरेको चर्चा गर्दै समयमा रोग पत्ता नलाग्दा अन्तिम अवस्थामा क्यान्सरका कारण निधन भएकोले स्वास्थ्यप्रति सचेत हुनुपर्ने बताउनुभयो । उहाँले जीवित भएसम्म समाजको हितको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

अर्का सल्लाहकार रामकृष्ण प्रजापतिले संस्थाको उपाध्यक्ष, सचिव अध्यक्ष र प्रबन्धकसमेत काम गरिसकेका मृतक प्रजापति इमानदार, समाजसेवी भएको बताउनुभयो । उहाँले सदस्यहरूको विश्वास जितेर सहकारीलाई पारदर्शी, अनुशासित र सदस्यमुखी बनाएर अग्रणी भूमिका खेल्नुभएको बताउनुभयो ।

अध्यक्ष कृष्णराम कासिछ्वाले २०६१ सालमा ३३ जना साथीहरू मिलेर २०६३/०६४ मा सहकारी डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता गर्ने कार्यमा सक्रृय प्रजापति सहकारीमा पनि सक्रिय हुनुहुन्छ भन्नुभयो ।

श्रद्धाञ्जली सभामा सचिव सत्यराम ज्ञामरु, सदस्य रामकृष्ण लवजु, राजुसिं बजिकोले पनि श्रीप्रसादको योगदान र स्वास्थ्य सचेतनाबारे बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# निर्वाचनको लागि ६४ राजनीतिक दल दर्ता

काठमाडौँ, ९ मङ्सिर। आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हालसम्म कूल ६४ राजनीतिक दल दर्ता भएका छन्। निर्वाचन आयोगका अनुसार सोमबार आठ राजनीतिक दल दर्ता भएका हुन्।

आइतबारसम्म ५६ राजनीतिक दल दर्ता भएकामा सोमबार थपिएका आठसहित ६४ राजनीतिक दल पुगेको आयोगले जनाएको छ। आयोगले यही मङ्सिर १० गतेसम्म प्रतिनिधिसभा निर्वाचनमा भाग लिन चाहने राजनीतिक दललाई दर्ताका लागि समयसीमा निर्धारण गरेको छ।

आयोगका अनुसार यही मङ्सिर १ गते १२, मङ्सिर २ गते पाँच, मङ्सिर ३ गते आठ, ४ गते आठ, ५ गते सात, ७ गते १६ राजनीतिक दल दर्ता भएका थिए।

आयोगमा कूल १३५ राजनीतिक दल दर्ता भएकामा निर्वाचन प्रयोजनका लागि बुधबारसम्म पुन:आवेदन दिइसक्नुपर्ने आयोगले जनाएको छ। *रासस*

# चितवनमा दुर्घटनामा वृद्धि : गत साउनदेखि कार्तिकसम्म २९ जनाले ज्यान गुमाए

चितवन, ९ मङ्सिर। गत चार महिनामा जिल्लामा भएका सवारी दुर्घटनामा २९ जनाले ज्यान गुमाएका छन्। यसमध्ये २१ पुरुष छ जना महिला र बालबालिका दुई जना रहेका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कार्तिक मसान्तसम्ममा भएका दुई सय २४ दुर्घटनामा उनीहरूको ज्यान गएको हो। यस्तै ती दुर्घटनामा परी चार सय ५६ जना घाइते भएका छन्। यसरी दुर्घटनामा पर्नेमा सबैभन्दा बढी दुईपाङ्ग्रे सवारीसाधन छन्।

उहाँका अनुसार चार महिनामा भएको सवारी दुर्घटनामा तीन सय ३३ वटा सवारीसाधन परेका छन्। तीमध्ये दुई सय एक मोटरसाइकल छन्। यस्तै जिप, कार ३४, शारीरिक शक्तिले चल्ने ३०, ट्रक, ट्याङ्कर २४, बस १५, टेम्पो १४ रहेका छन्। यस्तै टिपर दुई, माइक्रोबस पाँच, ट्याक्टर चार र अन्य सवारीसाधन चार छन्।

गत आवको सोही अवधिमा दुई सय पाँचवटा सवारी दुर्घटना भएको थियो। गत वर्षको तुलनामा यस वर्ष दुर्घटना धेरै भए पनि मानवीय क्षति भने कम भएको छ। गत वर्ष सोही अवधिमा भएका दुर्घटनामा ४६ जनाको मृत्यु भएको थियो भने चार सय १४ जना घाइते भएका थिए। दुर्घटना न्यूनीकरणका लागि जिल्लामा छड्के जाँच, जनचेतना जगाउने कार्यक्रम गरिरहेको थापाले बताउनुभयो। फराकिला सडकमा तीव्रगतिमा सवारी चलाउँदा र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा अहिले दुर्घटना बढेको उहाँले बताउनुभयो। सडकअनुसार सवारी चाप बढी हुनु र ट्राफिक नियमको पालना नगर्नुले पनि दुर्घटना बढेको उहाँले जानकारी दिनुभयो। *रासस*

# हात्तीको आक्रमणबाट मृत्यु

महेन्द्रनगर, ९ मङ्सिर। कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ स्याउलेमा जङ्गली हात्तीको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सागर बोहराका अनुसार यहाँको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट आएको हात्तीको आक्रमणमा परी भीमदत्त नगरपालिका-१४ का ४५ वर्षीया धाना विष्टको मङ्गलबार बिहान मृत्यु भएको हो।

हात्ती बस्तीमा पसेर विष्टको घर भत्काउने क्रममा ज्यान जोगाउन भाग्दै गरेको अवस्थामा उनलाई हात्तीले गम्भीर घाइते भएको प्रहरीले जनाएको छ। विष्टको उपचारका क्रममा महेन्द्रनगरस्थित महाकाली प्रादेशिक अस्पतालमा मृत्यु भएको हो।

जङ्गली हात्ती गाउँ पसेर स्थानीयको घर भत्काउन लागेको खबरपछि निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनी र झोलुङ्गे पुल प्रहरी पोष्टबाट प्रहरी टोली घटनास्थल पुगेर उद्धार कार्यमा जुटेको प्रहरीले जनाएको छ। शव परीक्षणका लागि अस्पतालमै राखिएको छ। *रासस*

# भीमफेदी कारागारका एक सय ६८ कैदीबन्दी अझै फरार

बागमती, ९ मङ्सिर। मकवानपुरको भीमफेदीस्थित क्षेत्रीय कारागारबाट फरार भएकामध्ये दुई सय ७२ जना कैदीबन्दी कारागार फर्किएका छन् भने एक सय ६८ जना कैदीबन्दी अझै फरार छन्।

गत भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर फरार भएका चार सय ४० कैदीबन्दीमध्ये मङ्गलबार बिहानसम्म दुई सय ७२ कैदीबन्दी कारागार फर्किएको कारागारका प्रमुख सुवास पौडेलले जानकारी दिनुभयो। कारागारबाट भागेकामध्ये हालसम्म दुई सय ७२ र अन्य कारागारबाट फरार ३७ गरी तीन सय नौ कैदीबन्दी भीमफेदी कारागार फर्किएको प्रमुख पौडेलले बताउनुभयो।

प्रमुख पौडेलका अनुसार भागेकामध्ये भीमफेदी कारागारका एक सय ६८ कैदीबन्दी आझै फरार छन्। फरार भएका ३९ जना विदेशी कैदीबन्दीमध्ये १३ जना कारागार फर्किएको र २६ जना अझै फरार छन्। फरार कैदीबन्दीको खोजीका क्रममा सुरक्षाकर्मीले विभिन्न स्थानबाट उनीहरूलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेलले बताउनुभयो। कारागारबाट भागेका फरार कैदीबन्दीको खोजीकार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले बताउनुभयो। *रासस*



**रसुवागढी जलविद्युत् आयोजना क्षेत्र**

गत असार २४ गते आएको ल्हेन्देखोलामा आएको बाढीबाट क्षतिग्रस्त १११ मेगावाट रसुवागढी जलविद्युत् आयोजनाको भवन। टिमुरेको पारि भोटेकोशी किनारमा रहेको सो भवन पुगने सडक पूर्णरूपमा क्षति हुँदा आवास भवन पुन:निर्माण हुन सकेको छैन। *तस्बिर: ज्ञानेन्द्र न्यौपाने/रसुवा*

# हेटौँडाका तत्कालीन निमित्त निर्देशक डा. सापकोटासहित सात जनाविरुद्ध आरोपपत्र दायर

काठमाडौँ, ९ मङ्सिर। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौँडाका तत्कालीन निमित्त निर्देशक डा. अर्जुनप्रसाद सापकोटासहित सात जनाविरुद्ध भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको छ।

कोरोना महामारीको समयमा व्यक्तिगत सुरक्षा सामग्री (स्वास्थ्य सामग्री) खरिदमा अनियमितता गरेको आरोपमा हेटौँडास्थित स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका तत्कालीन निमित्त निर्देशक डा. सापकोटा र आपूर्तिकर्ता जनमुक्ति हेल्थ इन्टरप्राइजेजसहित सात जनामाथि सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आर्थिक वर्ष २०७८/७९ मा कोभिड-१९ विरुद्ध आवश्यक व्यक्तिगत सुरक्षा सामग्री खरिदका लागि आह्वान गरेको बोलपत्रमा कम मूल्य कबोल गर्ने फार्मलाई पन्छाएर बढी मूल्य कबोल गर्ने फार्मलाई ठेक्का दिएको र सोबाट राज्यलाई रु. ३१ लाख १७ हजार ८९ गैरकानुनी हानि पुगेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।

सो अनियमिततामा संलग्न भएको आरोपमा डा. सापकोटा, तत्कालीन लेखा अधिकृत राधाकृष्ण श्रेष्ठ, तत्कालीन फार्मेसी सुपरभाइजर राजेश्वर रञ्जितकार, तत्कालीन रेफ्रिजेरेटर टेक्निसियन रवीकुमार महतो, तत्कालीन बायोमेडिकल इन्जिनियर राजेश्वर कमली, प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौँडाका तत्कालीन लेखा अधिकृत नेत्र नरसिंह कार्की र आपूर्तिकर्ता जनमुक्ति हेल्थ इन्टरप्राइजेजका प्रोप्राइटर नवराज श्रेष्ठविरुद्ध समान रु. ३१ लाख १७ हजार ८९ बराबरको बिगो मागदाबी गरिएको छ।

अख्तियारले निज सातै जनाविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ समेतको कसुरजन्य कार्य गरेको हुँदा उक्त कसुरमा संलग्न निज प्रतिवादीउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई सोमबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको प्रवक्ता पौडेलले जानकारी दिनुभयो। *रासस*

# नेपालमा पहिलोपटक बाथरोगको 'जेनेटिक' परीक्षण सुरु

काठमाडौँ, ९ मङ्सिर। नेपालमा पहिलोपटक बाथ रोगको अनुवाङ्शिक 'जेनेटिक' कारण पत्ता लगाउन नयाँ तीनवटा परीक्षणको सुरु गरिएको छ। नेक्स जेन ल्याब सोलुसनले तीन किसिमका बाथरोग पत्ता लगाउन तीन किसिमका जेनेटिक परीक्षणको सुरुआत गरेको हो।


सोलुसनका प्रबन्ध निर्देशक नरेश पाण्डेले नेपालमा पहिलोपटक नेपालमा बाथ रोग पहिचानका लागि नयाँ तीन परीक्षण सुरु गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार बाथरोथ पहिचानका लागि 'एचएलए-डिआरफोर', 'एचएलए-बी ५१', 'एचएलए-बी २७ तीन प्रकारका परीक्षण भित्र्याएको हो। उहाँले उक्त विधिबाट बाथरोगको सुरुआती अवस्थामा नै रोग पत्ता लगाउन सकिने भएकाले बिरामीलाई उपचार गर्न सजिलो हुने बताउनुभयो। ती परीक्षणबाट बाथ रोगको पहिचान चाँडै गरेपछि बिरामीले लामो समयसम्म औषधि सेवन गर्न नपर्ने प्रबन्ध निर्देशक पाण्डेले बताउनुभयो।

यसअघि बाथ रोग पत्ता लगाउन ती तीन प्रकारका परीक्षण गर्न विदेश नमूना विदेश पठाउनु पर्दथ्यो। 'एचएलए-डिआरफोर' अमेरिका र 'एचएलए-बी ५१' तथा 'एचएलए-बी २७ को परीक्षण भारत पठाउनु पर्दथ्यो। बाथ रोग सेन्टरका बाथरोग विशेषज्ञ डा. सुधिर कर्माचार्यले बाथरोग पहिचान गर्न तीन प्रकारका परीक्षण नेपालमा हुने भएपछि बिरामीको उपचारमा पनि सहज हुने बताउनुभयो। अब परीक्षण नेपालमा हुने भएपछि बिरामीको परीक्षण गर्न विदेश पठाउनुपर्ने झन्झट हटेको छ।

विशेषज्ञ डा. कर्माचार्यका अनुसार नेपालमा कुल जनसङ्ख्याको २८ प्रतिशतलाई कुनै न कुनै बाथरोग लाग्ने गरेको छ। धेरैजसोलाई गठिया र युरिक एसिडजस्ता बाथरोग लाग्ने गरेको उहाँको भनाइ छ। बाथरोग लागेकामध्ये १० प्रतिशतको मात्र समयमा नै उपचार हुने गरेको छ।

विशेषज्ञ डा. कर्मचार्यले बाथरोग लाग्नेबित्तिकै थाहा पाएमा केही महिनाको औषधि सेवन गरेपछि निको हुने बताउनुभयो। उहाँले बाथरोग फैलिँदै गयो भने बिरामीले जीवनभर औषधि खाएर बाथरोगलाई नियन्त्रण गर्नुपर्ने बताउनुभयो। *रासस*

हार्दिक श्रद्धाञ्जली



जन्म : २०१७।१०।२०
निधन : २०८२।८।७

यस संस्थाका उपाध्यक्ष एवं संस्थापक सचिव तथा सदस्य नं.३ का **श्रीप्रसाद प्रजापति**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**श्री गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर-९, चोफल

हार्दिक समवेदना



जन्म : २००९/१२/०८
निधन : २०८२/०८/०७

यस समूहका सदस्य रामकृष्ण लवजूकी ममतामयी माता **कृष्णमाया लवजू**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**मको सहयोगी समूह**
तचपाल, मको-९, भक्तपुर

। सम्पादकीय ।

# भारतीय विस्तारवादको विरोध गर्नु आवश्यक

भारतीय कामदारवर्गको विरोधी भारतीय शासक र शोषकवर्ग हुन् । नेपाली जनताका विरोधी भारतीय जनता होइनन्; भारतीय शासक र शोषकवर्ग नै नेपाली जनताका विरोधी हुन् । नेपाल र नेपाली जनता भारतीय सरकारको उपनिवेशवादी नीतिबाट पीडित छन् । नेपाली जनता भारतीय विस्तारवादको विरोध गर्छन् । नेपालमाथि भारतीय एकाधिकार पुँजीको हैकमवादी नीतिले भारतसँग नेपाली जनता चिढिएका छन् । अहिले पनि भारतले नेपाललाई जसरी बेलायती उपनिवेशवादीहरूले भारतीयहरूसँग हेलाहोचोको व्यवहार गरेका थिए त्यसरी नै भारतीय शासकवर्गले नेपाल र नेपाली जनतालाई हेलाहोचो र थिचोमिचो गरिरहेको छ । यही कारण नेपाल र नेपाली जनताको भारतीय शासकवर्गसँग चिढिएको हो; सम्बन्ध बिग्रेको हो ।

नेपालमा बेलाबखत नाकाबन्दी गर्नु, नेपालको प्रशासकीय मामिलामा हस्तक्षेप गर्नु, सीमा अतिक्रमण गरिरहनु, सीमा अतिक्रमणको विरोध गर्दा दमन गर्नु, नेपाल र नेपालीको हितभन्दा आफ्नो हितमा असमान सन्धि सम्झौता गर्नु आदि भारतीय सरकारको हस्तक्षेपका दृष्टान्त हुन् । भारतजस्तो प्रजातान्त्रिक देशलाई यस्तो हस्तक्षेप सुहाउँदैन । भारतको यस्तो थिचोमिचो र अतिक्रमणले भारतको प्रतिष्ठा बढाउँदैन । एकातिर भारतले नेपालमा थिचोमिचो र अतिक्रमण गरिरहेको छ भने अर्कोतिर नेपाली शासकहरू स्वयम् भारतमुखी छन् । नेपाली शासकहरूको भारतमुखी प्रवृत्तिले पनि नेपालले विकास गर्न नसकेको हो; नेपाल परनिर्भर हुँदै गएको हो ।

भारतले मिचेको नेपाली भूमि फिर्ता दिएको छैन । नेपाली भूमि कालापानीमा रहेको भारतीय सेना फर्काएको छैन । नेपाल-भारतको सिमानामा एकतर्फी बनाइएको बाँध तथा तटबन्ध भत्काइएको छैन । नेपाल-भारतको सीमामा रहेका स्तम्भहरू भारतीय पक्षले नेपालतर्फ सार्ने काम छोडेको छैन । नेपाल-भारत खुला सीमा भएको कारण खुला या लुकिछिपी-चोरबाटोबाट तस्कर, कालाबजारिया र अपराधीहरू नेपालमा पस्दै छन् । अङ्गीकृत नेपाली नागरिकहरूलाई वंशजको आधारमा नागरिकता दिलाएर देशलाई सिक्किमजस्तै भारतमा विलय गराउने दाउ भारतीय सरकार रच्दै छ । यसको निन्दा गर्नुपर्छ । विदेशी हस्तक्षेप र दबाब कुनै पनि स्वाधीन र सार्वभौम देशको निम्ति सह्य हुनेछैन ।

सङ्कटको बेला नेपालमा बेलाबखत विदेशी हस्तक्षेप बढेकै हो । नेपालको आन्तरिक कलह र द्वन्द्वमा फाइदा लिने देशहरूमा भारत र अमेरिका नै हुन् । विकास र आर्थिक सहयोगको बहाना बनाएर भारतले पटक-पटक असमान सन्धि सम्झौता गरेको कसैले भुल्ने छैनन् । यसरी नै संयुक्त राज्य अमेरिकाले पनि सहयोगको हवाला दिएर एमसीसी सम्झौता गर्न र गराउन नेपाल सरकार या शासक दलहरूलाई दबाब दिएको कुरा सञ्चारमाध्यममा आएकै हो । नेमकिपाले यसको विरोध गरेको थियो । जिल्ला-जिल्लामा विरोध प्रदर्शन र सभा गरेर नेमकिपाले जनतालाई सुसूचित पार्ने काम गरेको थियो ।

तर, विडम्बना ! भारतीय पक्षले धेरै हस्तक्षेप, अतिक्रमण र दबाब दिए पनि नेपाली शासकहरूले विरोध गर्न सकेनन्; उनीहरू शिक्षा लिएर अघि बढेनन् । नेपाली शासकहरू भारत भ्रमणमा जाने बेलामा पनि भारतीय शासकसमक्ष चुइँक्क बोल्दैनन् या बोल्ने साहस गर्दैनन् । साम्राज्यवादीहरूले अफगानिस्तान, इराक, लिबिया र सिरियामा हमला गरे । संसारका देशभक्त सरकार र जनताले त्यसको निन्दा गरे । तर, नेपाली शासकहरू त्यस्तो विदेशी हस्तक्षेप र अतिक्रमणको विरोध गर्दैनन् । संयुक्त राज्य अमेरिकाले दर्जनौँ देशमा आक्रमण गर्‍यो; जनधनको क्षति गर्‍यो । तर, संयुक्त राष्ट्र सङ्घ र नेपालका शासकहरूले त्यसको विरोध गरेनन् ।

भारतीय अतिक्रमण र हस्तक्षेपको विरोधमा नेपाली जनता एकगठ हुनु आवश्यक छ । भारतीय एकाधिकार पुँजीको विरोधमा नेपाली जनता र देशका सबै दलहरू एकगठ हुनुपर्छ । भारतीय विस्तारवादले नेपालसँग गरेका अनेकौँ असमान सन्धिहरू, नेपाल-भारत सीमाको विभिन्न ठाउँमा गरेको थिचोमिचो, सीमा स्तम्भ सार्ने तथा नेपाल-भारत सीमामा एकतर्फी बाँध तथा तटबन्ध बनाएर नेपाली भूमि डुबानमा पारेको, नेपाली जनतालाई नेपाल-भारत सीमामा भारतीय सशस्त्र प्रहरीले गोली हानी मारेको र घाइते बनाउने आदि दु:ख दिने काम गरेको छ । नेपाल फर्कने नेपालीहरूलाई लुटपाट गर्ने काम पनि भारतीय पक्षले गरिरहेको छ । यस्तो लुटपाट, अतिक्रमण र असमान सन्धिको विरोध गरिरहनुपर्छ । यसमा शासकहरू सचेत हुनुपर्छ ।

# आजसम्मका प्रम र मन्त्रीहरू देश र जनताप्रति जिम्मेवार भएनन् !

● प्रज्ज्वल

प्रधानमन्त्री र मन्त्री भएकाहरू सहिद परिवार, घाइते र आन्दोलनकारीहरूसँग भेटघाट गरी समवेदना प्रकट गर्ने परम्परा पुरानो हो । २०४६ सालको आन्दोलनपछि सरकारमा गएका नेकाका प्रम कृष्णप्रसाद भट्टराई, एमालेका मन्त्री झलनाथ खनाललगायतले यस्तै गरेका थिए । २०६३ सालपछि माओवादीका प्रम दाहालले पनि यसलाई निरन्तरता दिए । प्रधानमन्त्री भएकाहरू काठमाडौँको सहिद गेटमा पुगेर फूलमाला चढाउने पनि पुरानो परम्परा हो ।

आन्दोलन दबाउनेहरूमाथि कारबाहीको लागि २०४६ साल र २०६३ सालपछि पनि छानबिन आयोग वा समिति गठन भएका थिए । गत भदौ २३ र २४ गतेको आन्दोलनमा ७६ जना सहिद भएको सार्वजनिक भयो । यसमध्ये दर्जन बढीको पहिचानसमेत अझै नखुलेको सार्वजनिक भयो । एमालेका तत्कालीन प्रम केपी शर्मा ओलीको सम्मति र सिफारिसमा गत भदौ २७ गते प्रम भएका सुशीला कार्कीको सरकारले पनि यसअघि जस्तै छानबिन आयोग बनायो तर यो आयोग पनि प्रभावकारी नहुने अनुमान गरिँदै छ ।

बहुदल र गणतन्त्रको ३५ वर्षयता नेका, एमाले, राप्रपालगायतको ३० ओटा सरकार गठन भए । यस अवधिमा ती पार्टीका हजारौँ मानिस मन्त्री भए । यी सरकारहरूले ३५ वर्षअघि कायम रहेको ठुला भ्रष्टाचारी, महिला बलात्कारपछि हत्या, वैदेशिक रोजगारीको निहुँमा चेलीबेटी बेचबिखनलगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्डसमेतको सजाय हुने कानुनी व्यवस्था हटाए । यसको अर्थ सरकारले आफ्नो पालामा भ्रष्टाचार गराएर कुम्ल्याउने बाटो राजेको किन होइन ?

प्रधानमन्त्री सुशीला कार्की प्रम हुनुअघि भदौ २४ गते बिहान ८ बजेतिर भावी गृहमन्त्री ओमप्रकाश अर्यालसहितलाई साथमा लिएर बानेश्वरस्थित सिभिल अस्पतालमा घाइतेहरू भेट्न पुगेकी थिइन् । त्यहाँबाट निस्केर बानेश्वरमा कार्कीले पत्रकारहरूको जिज्ञासामा जवाफ दिँदै भनिन्, “नेकाका गृहमन्त्री रमेश लेखकको राजीनामाले पुग्दैन, उनलाई हत्याको जवाफदेही बनाएर कठघरामा उभ्याउनु आवश्यक छ ।”

भदौ २४ गते कार्की र अर्याल तथा सिभिल अस्पतालकै एक डाक्टर सिंह बानेश्वरस्थित संसद् भवनको उत्तरपूर्वको एक घरमा बसेको सार्वजनिक भयो । दिनभर देशभरिको आगजनी सामाजिक सञ्जालसमेतमा हेरिरहेका तीनैजनालाई नेपाली सेनाले राति १ बजेतिर उद्धार गरेको पनि सार्वजनिक भयो । भदौ २६ गते राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापति सिग्देल आफै सुपारीटारस्थित सैन्य ब्यारेकमा पुगेर तत्कालीन प्रम ओलीलाई नयाँ प्रम नियुक्ति गर्न सम्मति र सिफारिस गराए ।

एमालेका अध्यक्षसमेत रहेका ओलीले भदौ २४ गते अपराह्न २ बजे सेनामार्फत प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए । राष्ट्रपतिले भदौ २६ गते नयाँ प्रम नियुक्तिसम्बन्धी छलफलमा माओवादीका पुष्पकमल दाहाल, पूर्व एमाले माधवकुमार नेपाल र नेकाका रमेश लेखकसहित ३ जनालाई राति ९-१० बजेतिर आफ्नो सरकारी निवासमा बोलाएका थिए । त्यतिबेला भावी प्रम कार्की र भावी गृहमन्त्री अर्याल राष्ट्रपति भवनको अर्को कोठामा थिए । राष्ट्रपति र प्रधानसेनापतिले दुवैतिरको छलफलअनुसार भदौ २७ गते सुशीला कार्कीलाई प्रम पदमा नियुक्ति गरे । सोही दिन प्रम कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते निर्वाचन मिति घोषणा गरे । केही दिनपछि प्रम कार्कीले अर्याललाई गृहमन्त्रीमा नियुक्ति गरे ।

प्रम कार्कीले भदौ २४ गते बिहान बानेश्वरमा तत्कालीन गृहमन्त्री लेखकको राजीनामा भएर नपुग्ने हत्याको जिम्मेवार बनाई कठघरामा उभ्याउनुपर्ने दाबी गरे पनि चार दिनपछि उही लेखकसमेतको सम्मतिमा कार्की अन्तरिम सरकारको प्रम पदमा नियुक्ति भए । यसकारण, पनि यो सरकारले भदौ २३ र २४ गते दमन गर्नेहरूमाथि कारबाही गर्नेमा आशङ्का उत्पन्न भएको बताइन्छ ।

ओली सरकारका रक्षामन्त्री एमालेका मानवीर राईका अनुसार भदौ २४ गते बिहान ९ बजे प्रदर्शनकारीहरू नाराबाजीसहित मन्त्री निवास घेर्न आएको, एक घण्टापछि बिहान १० बजेतिर मन्त्री निवासबाट केही सामान नबोकाई सुरक्षाकर्मीले हेलिकप्टरमा बसालेर मन्त्री र तिनका परिवारसमेतलाई लगेको, त्यसपछि कार्की प्रम पदमा नियुक्ति नभएसम्म मन्त्रीहरूको मोबाइलसमेत खोसिएको बताए । भदौ २४ गते बिहानबाटै मन्त्रीहरूले प्रम ओलीसँग सम्पर्क गर्न पाएनन् । रक्षामन्त्री मानवीरको दाबी थियो । “प्रदर्शनकारीले ट्र्याकिङ गर्ने हुँदा सुरक्षा निकायबाट मोबाइल खोसिएको हुनुपर्दछ ।” रक्षामन्त्री राईले भदौ २४ गतेयता १० दिनसम्म प्रधानमन्त्री र प्रधानसेनापतिसँग सम्पर्क गर्न पाएनन् । राईको स्पष्टीकरण थियो, “प्रधानमन्त्री र मन्त्री भएपछि जीउधन सुरक्षा निकायको हातमा हुनेरहेछ । भदौ २४ गते स्थानीय प्रशासन (जिल्ला प्रशासन कार्यालय) र प्रहरीले सेना मागेको भए आगजनी नियन्त्रण हुने थियो तर मागेनन् । सेना खटिन राष्ट्रपतिको आदेशसमेत चाहिने हुन्छ ।”

एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री ओली अहिले प्रश्न गर्दै छन् - “फागुन २१ गते चुनाव गराउने सुशीला कार्की को हुन् ? प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्दछ ।”

विघटित प्रतिनिधिसभामा एमाले दोस्रो ठुलो दल थियो । दोस्रो ठुलो दल एमाले प्रमुख विपक्षीको भूमिका निर्वाह गरी सरकारलाई जनविरोधी काम गर्न रोक्न लाग्नुपर्थ्यो । तर, एमालेले सुरुमा तेस्रो ठुलो दल माओवादीका पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनायो । एक महिनामै प्रमुख विपक्षीको भूमिकामा पुगेको एमाले प्रभावकारी रूपमा सडक र संसद्मा उपस्थित भएन । उल्टो १४ महिनापछि नेकासँग मिलेर ओली डेढ वर्ष प्रम भए । ओलीको यो तेस्रो पटकको सरकारले पनि देश र जनताको हितमा कुनै काम गरेन । भदौ २३ गतेको प्रदर्शनमा गोली प्रहार भएपछि घुसपैठ भएकाहरूले भदौ २४ गते देशभरिका कयौँ सार्वजनिक सम्पत्तिमा समेत आगजनी गरे । यो एमालेको पनि कमजोरी हो । त्यसो त सार्वजनिक सम्पत्तिमा आगजनी हुनुमा नेका, एमाले, माओवादी, रास्वपा, राप्रपाबाट सरकारमा गएका सबै जिम्मेवार छन् ।

भदौ २४ गते माओवादीले केही दललाई सिंहदरबारको बैठकमा बोलाएको थियो । उक्त दिन बिहान ११ बजे नै सिंहदरबार गेटमा आगो बाल्ने सुरु गरियो । माओवादीका दाहालले आफ्नी छोरी गंगालाई प्रधानसेनापतिसँग सम्पर्क गराए । दाहाललाई सिंहदरबारभित्रै सेनाको भवनमा सुरक्षित हुने बताइयो । दाहाल भदौ २४, २५ र २६ गते सिंहदरबारको सैन्य सुरक्षामा बसेका थिए । भदौ २४ गते दाहालले बोलाएको बैठकमा सहभागी माधव नेपाल पनि सोही दिन सुटुक्क सिंहदरबारको सैन्य सुरक्षामा पुगे । भदौ २६ गते राति ९ बजे सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने राष्ट्रपति निवासको बैठकमा भाग लिन दाहाल र माधव दुवै सैनिक सुरक्षाको गाडीमा पुगेका थिए ।

सुशीला कार्कीको सरकारले फागुन २१ गतेको चुनावमा विदेशमा रहेका र नेपालभित्रै निर्वाचन क्षेत्र बाहिर रहेका नेपालीलाई अनलाइन मतदान गराउन अध्यादेश जारी गर्ने दाबी गर्दै छ । यो निर्णय गर्न संविधान नै संशोधन गर्नुपर्ने हुन्छ । यस्तो काम अन्तरिम सरकारले हतारमा गर्नु उपयुक्त हुनेछैन । यसले अन्तत: चुनाव नै नहुने सम्भावना बढ्छ ।

एमालेले संसद् पुन:स्थापना हुनुपर्ने दाबी गरे पनि मङ्सिर १० गतेभित्र निर्वाचन आयोगमा दल दर्ता गरेर निर्वाचनमै आउने सङ्केत दिँदै छ । एमालेका अध्यक्ष ओलीले राष्ट्रपति पौडेललाई प्रतिनिधिसभा सदस्य नभएकालाई समेत प्रम नियुक्ति गर्न सम्मति र सिफारिस गरेको हुँदा यतिखेर संसद् पुन:स्थापनाको रटान लगाउनु आफ्नो कमजोरी ढाकछोप गर्नुमात्र हुनेछ ।

प्रम सुशीला कार्कीले संसदीय सुनवाइबिना संवैधानिक परिषद्को सामान्य बहुमतबाट नियुक्ति दिनेगरी अध्यादेश जारी गर्न खोजेपछि राष्ट्रपति पौडेलले सो अध्यादेशलाई रोकेका छन् । यसले राष्ट्रपति पौडेल र प्रम कार्कीबिच दूरी बढ्ने पनि आशङ्का गरिँदै छ ।

# घाटाको बहानामा कलकारखाना निजीकरण गर्नु देशघात

● शुक्र

भन्सार विभागले चालु आवको पहिलो चार महिना (साउनदेखि कार्तिक मसान्तसम्म) को आयात-निर्यातको तथ्याङ्क मङ्सिर ७ गते आइतबार सार्वजनिक गर्‍यो । तथ्याङ्कअनुसार यस वर्ष ६ खर्ब ९ अर्ब ४५ करोड रुपैयाँको वस्तु आयात भयो भने ९३ अर्ब ४९ करोड रुपैयाँको निर्यात भयो । यस वर्षको पहिलो चौमासिकमा मात्र ५ खर्ब १५ अर्ब ९५ करोड रुपैयाँ व्यापार घाटा पुग्यो भने हालसम्मको व्यापार घाटा ७ खर्ब २ अर्ब ९४ करोड ७० लाख रुपैयाँ पुग्यो ।

व्यापार घाटा बढ्नुको मुख्य कारण अधिक मात्रामा पेट्रोलियम पदार्थको आयात नै हो । ३१ अर्ब ८९ करोड १५ लाख रुपैयाँको डिजेल, २२ अर्ब ३७ करोड रुपैयाँको पेट्रोल, १८ अर्ब ८ करोड ३६ लाख रुपैयाँको एलपी ग्यास गरी जम्मा ७२ अर्ब ३४ करोड ५१ लाख रुपैयाँको पेट्रोलियम पदार्थ आयात भयो ।

नेपाल जलस्रोतमा विश्वका धनीहरूमध्येकै एक देश भए पनि आजसम्मका सरकारले देशको हितमा उपयोग नगर्दा व्यापार घाटा बढ्दै छ । शासक दलहरूले कोसी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली, अरुणलगायतका नदीमा देशको हितविपरीत सम्झौता गरे । जलस्रोतमा धनी देश नेपालले भारतसँग महँगोमा बिजुली किनेर बाल्नुपर्ने बाध्यता छ ।

पहिलो चौमासिकमा ३७ अर्ब ९६ करोड रुपैयाँको कच्चा सोयाबिन तेल, १७ अर्ब १५ करोड रुपैयाँको रासायनिक मल, १० अर्ब १७ करोड रुपैयाँको कच्चा आइरन र स्टीलका वस्तु आयात गरियो ।

विलासी वस्तुको आयात बढ्दा पनि व्यापार घाटा बढ्दो छ । ९ लाख ४३ हजार ८ सय २६ थान स्मार्टफोन आयात गर्दा १६ अर्ब १५ करोड १८ लाख रुपैयाँ, ३ हजार २ सय ३० थान चारपाङ्ग्रे विद्युतीय सवारी साधन आयात गर्दा ४ अर्ब ६८ करोड ८९ लाख रुपैयाँ, एक लाख ६१७ युनिट बाइक तथा स्कुटर आयात गर्दा १२ अर्ब ६४ करोड ८३ लाख रुपैयाँ, १५ लाख ७७ हजार ग्राम सुन आयात गर्दा १५ अर्ब ७२ करोड रुपैयाँ, चाँदी आयातमा १५ अर्ब ७२ करोड रुपैयाँ देशले घाटा व्यहोर्‍यो ।

नेपालले ४५ अर्ब १४ करोड रुपैयाँको फलाम तथा फलामजन्य वस्तु, ४४ अर्ब ७० करोड रुपैयाँको तेल तथा घिउजन्य वस्तु, ९ अर्ब ९३ करोड रुपैयाँको धागो, ५ अर्ब ९१ करोड रुपैयाँको चिया, कफी तथा मसला निर्यात गरेको छ । स्वदेशमै भएको कच्चा वस्तुबाट सामान उत्पादन गर्ने उद्योगहरू निजीकरण नगरिएको भए यस्तो व्यापार घाटा ब्यहोर्नुपर्ने थिएन ।

तीनतर्फ सिमाना जोडिएको भारतसँग नेपालको सबैभन्दा बढी व्यापार घाटा छ । पहिलो चौमासिकमा भारतबाट ३ खर्ब ३७ अर्ब रुपैयाँको वस्तु आयात गर्दा ७६ अर्ब ५० करोड रुपैयाँको वस्तु निर्यात गर्‍यो । अर्को छिमेकी देश चीनसँग १ खर्ब ३२ अर्ब रुपैयाँको वस्तु आयात गर्दा २९ करोड रुपैयाँको वस्तु मात्र निर्यात गर्‍यो । सरकारले भन्सार उठाउनकै लागि विदेशबाट आवश्यकताभन्दा बढी बाइक तथा स्कुटर, गाडी, पेट्रोलियम पदार्थ आयात गरिरहेको छ ।

देशमा कलकारखाना स्थापना गरी युवालाई स्वदेशमै रोजगारी दिनेतर्फ आजसम्मका सरकार अघि बढेनन् । वर्तमान सुशीला कार्की नेतृत्वको सरकारले पनि घाटाको बहानामा राज्य मातहतका कलकारखाना निजीकरण गर्ने घोषणा गर्‍यो । सुशासन कायम गर्ने गठन भएको दाबी गर्ने सरकारले राज्य मातहतका कलकारखाना निजीकरण गर्नु देशघात हो ।

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २२

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




हाम्रो समूहका सांसदहरू बेलाबेला विभिन्न मन्त्रीलाई तार पठाइरहन्थ्यौँ । प्राय: हामी गृहमन्त्रीलाई भेटिरहन्थ्यौँ । प्रहरी गृह मन्त्रालयअन्तर्गत थियो । त्यहाँ हामी मजदुरहरू पक्राउ परेको, कामबाट निकालिएको आदि मुद्दा लिएर जान्थ्यौँ ।

यस्ता वार्ता वा भेटघाटबाट कुनै देखिने परिणाम आउँदैन भन्ने हामीलाई थाहा थियो । तैपनि हामी किन जान्थ्यौँ त ? सदनमा हाम्रो कुरा राखे जस्तै यी भेटवार्ताको पनि प्रचारात्मक महत्त्व थियो । मजदुरका सांसद पनि मजदुर नै थिए । तैपनि, तिनका सांसदको मागअनुसार जारशाही मन्त्री वार्ता गर्न बाध्य भएको खबर दिँदा नै पनि मजदुरहरू सङ्घर्षका लागि अझ उत्साहित हुन्थे । 'प्राभ्दा' मा मजदुरहरूका सांसदले यो-यो माग राखे भनी खबर छाप्दा थप नयाँ मजदुरहरू सङ्घर्ष गर्न उत्सुक हुन्थे । मैले मन्त्रीहरूलाई भेटेको दिन नयाँ नयाँ मजदुरहरू मेरो घरमा आउँथे । यसअघि पार्टी वा मजदुर युनियनसँग कुनै सरोकार नराख्ने नयाँ मजदुरले मकहाँ आएर आफ्ना माग राख्थे । सरकारलाई प्रश्न गर्नका लागि आवश्यक सामग्री दिन्थे । यसरी उनीहरू सङ्गठित मजदुरहरूको कित्तामा आउँथे । यसरी नयाँ मजदुरहरू थपिँदा सङ्घर्षको अग्रमोर्चामा रहेका मजदुरहरूको मनोबल बढ्थ्यो ।

हामीले वार्ताका लागि तार पठाउँदा जलसेना मन्त्री एडमिरल ग्रिगोरोभिच टाढा कतै गएका थिए । त्यसकारण, हामीले उनका सहयोगी एडमिरल बुब्नोभको जवाफ पायौँ । उनी भोलिपल्ट बिहान हामीसँग भेट्न राजी भएका थिए । भोलिपल्ट हामी उनको कार्यालय गयौँ । कारखानामा भएका सबै कुरा बेलिबिस्तार लगाएपछि बुब्नोभसँग हामीले आइन्दा मर्मतशालाको प्रशासनले गरिरहेको दुर्व्यवहारमा गम्भीर ध्यान दिनुपर्ने बतायौँ ।

सुरुमा त सहायक मन्त्रीले कुरा टार्न खोजे । आफूले घटनाबारे केही थाहा नपाएको; ओभरटाइम गर्न नमानेका मजदुरहरूलाई कामबाट निकाला गरिएको बारे मर्मतशालाको हाकिमले रिपोर्टमा उल्लेख नगरेको; ज्याला घटाइएको सम्बन्धमा जानकारी नपाएको बताए । तर, पक्राउको विषयमा कुराकानी लम्बिएपछि बुब्नोभले आफूले सुरुमा गरेको बहानाबाजी बिर्से । कुरा फुत्किहाल्यो । जहाज मर्मतशालाको हाकिमले माथिल्ला अधिकारीहरूकै निर्देशन पालन गरेको रहेछ । बुब्नोभले मर्मतशालाको हाकिमलाई आदेश दिएको कबुल गरे । तर, मजदुरलाई पक्राउ गर्न प्रहरी बोलाउन नभनेको तर्क गरे । मानौँ, हडतालीहरूलाई तह लगाउन सघाउनुपर्‍यो भन्दा प्रहरीले अर्कै अर्थ निकाल्छ !

हामीले आपत्ति जनाएपछि बुब्नोभले बाल्टिक मर्मतशालाको अवस्था छानबिन गर्न विशेष अधिकारी पठाउने वचन दिए । यो वचन छलछाम मात्र थियो । भोलिपल्ट छानबिन गर्नुको साटो सहायक मन्त्रीले एउटा सूचना जारी गरे । त्यो सूचना कारखानामा टाँसियो । सूचनामा सम्बन्धित ज्यासलहरू बन्द गर्ने र मजदुरहरूलाई सामूहिक रूपमा निष्कासन गर्ने घोषणा गरिएको थियो ।

तथापि, सहायक मन्त्रीसँग हाम्रो भेटघाटको अलिकति प्रभाव पर्‍यो । भोलिपल्ट 'माथिको आदेश' बाट प्रहरीले गिरफ्तार मजदुरहरूलाई रिहा गर्‍यो । तर, हडताल रोकिएन । बरू ज्यासलको ठाउँमा पूरै विभाग हडतालमा मिसियो । कारखानाका सिकर्मी र रञ्जितकारहरू पनि हडतालमा आए । यी मजदुरहरूले ज्याला बढाउनुपर्ने र कामको अवस्था सुधार्नुपर्ने माग राखे । साथै, उनीहरूले नागरिकलाई जस्तो व्यवहार गरिनुपर्ने माग पनि राखे । यो माग एकदम सान्दर्भिक थियो । त्यसबेला थल र जल सेनासँग सम्बन्धित उद्योग तथा संस्थानमा मान्छेलाई पशुवत व्यवहार गरिन्थ्यो । तसर्थ, मजदुरहरूले फौजी छाउनीको जस्तो दुर्व्यहारविरूद्ध आवाज उठाए । ३ हजारभन्दा बढी मजदुरहरू त्यो हडतालमा जोडिए ।

एक महिनाभित्र जूनको अन्त्यतिर बाल्टिक जहाज मर्मतशालामा अर्को हडताल सुरु भयो । मजदुरहरूसँग दुर्व्यवहार गरिएको र पोलिकार्पोभ नाउँको एकजना म्यानेजरले जानाजान ज्यालामा कटौती गरेको हुनाले त्यो हडताल थालिएको थियो । मजदुरहरूले म्यानेजरलाई खेदेर ज्यासलबाट निकाले । त्यसपछि ज्यासल बन्द गरियो । जवाफमा मजदुरहरूले अनेक माग राखेर हडतालको उद्घोष गरे । मजदुरहरूको मनोबल तोड्न पहिलो हडतालमा जस्तै प्रहरी डाकियो । कारखाना प्रशासनले हडताली नेता र सङ्गठक भनेर आशङ्का गरेका १० भन्दा बढी मजदुरलाई पक्राउ गरियो । हडतालीहरूले तत्काल मलाई खबर गरे । यसपालि पनि मैले कैदीहरूको पक्षमा बोल्न जलसेना मन्त्री ग्रिगोरोभिचलाई तार पठाएँ ।

एडमिरल ग्रिगोरोभिच आफूलाई उदारवादी भन्न रूचाउने जारशाही मन्त्री थिए । उनी सबै सांसदहरूसँग 'ठिक्क पर्न' खोज्थे । तर, अरूको जस्तै उनको उदारवाद पनि देखावटी थियो । तिनीहरू भड्किला प्रतिक्रियावादी उपाय अपनाएर जनतालाई चिढाउन चाहँदैनथे । त्यसैले उदार देखिन खोज्थे । तर, वास्तविकता अर्कै थियो । उनीहरू पनि कालासयहरूकै नीति अपनाउँथे । यस अर्थमा उनीहरू माक्लाकोभ, श्चेग्लोभितोभ जस्ता नरसंहारकभन्दा फरक थिएनन् । ग्रिगोरोभिचको 'सन्तुलित' व्यवहार अक्टोबरवादी दलका धेरैले रूचाउँथे । यसकारण, अक्टोबरवादीहरू विपक्षी रहेको सदनमा त्यही दलका सभामुख रोद्जान्कोले ग्रिगोरोभिचलाई एक जिम्मेवार मन्त्रालयको मन्त्री बनाउने प्रस्ताव राखे ।

हाम्रो वार्तालाप पत्रिकामार्फत जनताबिच जानेछ भन्ने हेक्का राख्दै ग्रिगोरोभिचले आफू जनताको साथी भएको अभिनय गरे । उनले मसँग भने, "म तलैदेखि एक सामान्य कारिन्दाको रूपमा काम गर्दै सान्होगान्हो खेप्दै यहाँ आइपुगेको हुँ ।"

उनले एकपल्ट साबुन कारखानाका मजदुरको बैठकमा भाषण दिएको र परिवर्तनकारी विचार राखेको भन्न भ्याए । यस्ता यताउतिका गफ गरेर उनले आफूलाई मजदुरका समस्याबारे विज्ञ देखाउन खोजे । उनले मजदुरको अवस्था र आवश्यकताबारे लम्बेतान कुरा गरे । मलाई कोसँग कुरा गर्दै छु भन्ने हेक्का थियो । उनले मजदुरहरूबारे यति मायालु कुरा गर्नु पछाडिको खास अर्थ म बुझ्थेँ । तसर्थ, मैले तुरून्तै हाम्रो मुद्दा राखेँ । थुनामा रहेका व्यक्तिहरूका सम्बन्धमा हडतालीहरूको माग र कारखानाका अधिकारीहरूको मनोमानीबारे बताएँ ।

ग्रिगोरोभिचको 'उदारता' एकाएक अलप भयो । मैले कुनै ठोस जवाफ पाइनँ । अन्त्यमा उनले सहायक बुब्नोभलाई बोलाए र छानबिन थाल्न भने । बुब्नोभको छानबिन कस्तो हुन्छ हामीलाई थाहा थियो । अघिल्लो हडतालमा यसको झलक पाइएको थियो । त्यसबेला उनले धेरै मजदुरलाई कामबाट निकाला गरेका थिए र पूरै कारखाना प्रशासनलाई जोगाएका थिए । बुब्नोभले अहिले मर्मतशालामा सबथोक सही भइरहेको बताए । ज्याला उच्च छ, कसैलाई ओभरटाइम काम गर्न लगाइएको छैन, मजदुरहरूको कुनै गुनासो छैन - बुब्नोभले यस्तै गफ दिए । उनले ढाडस दिए - पक्राउ परेका व्यक्तिहरूको विषयमा चिन्ता लिनु पर्दैन किनभने तिनीहरू निर्दोष भए रिहा भइहाल्छन् ।

जवाफमा मैले सहायक मन्त्रीले देखाएको आनन्दी चित्र यथार्थ होइन भनेँ । कार्यस्थलको खराब अवस्था र प्रशासनको व्यवहार गर्ने तरिका ठीक नहुनाले मजदुरहरू लगातार सङ्घर्षमा उत्रिन बाध्य भएको बताएँ । मेरो कुरा सुनेपछि ग्रिगोरोभिचले पुन: एकपल्ट छानबिन गर्ने वाचा गरे; आफै बुझ्ने, पत्ता लगाउने आदि कुरा गरे ।

जारशाही मन्त्रीहरूको वाचा र ढाडसको अर्थ के हो र तिनीहरूबाट केकति अपेक्षा गर्नुपर्छ भनी मजदुरहरूलाई बुझाउन मैले 'प्राभ्दा' पत्रिकामा हाम्रो वार्तालाप प्रकाशित गरिदिएँ । मन्त्रीसँगको वार्तालाप छपाउनुको उद्देश्य खासमा बाल्टिक मर्मतशालाका मजदुरहरूलाई सङ्घर्ष जारी राख्न र उच्च अधिकारीहरूबाट केही पाउने आशा नराख्न हाम्रो तर्फबाट एउटा अपिल थियो ।

लगत्तै म ओबुखोभ कारखानामा भएको हडतालबारे वार्ता गर्न पुन: जलसेना मन्त्रीकहाँ गएँ । त्यो कारखाना पनि जलसेना मन्त्रालयकै मातहत थियो । यो हडताल जुलाई महिनाको अन्तिमतिर सुरु भएको थियो । यसमा ८ हजार हडताली सहभागी थिए । यो हडताल पनि कष्टप्रद र असह्य कार्यावस्थाकै कारण सुरु भएको थियो । कारखानामा हानिकारक ग्यास फैलिरहन्थ्यो । मजदुरहरूले बारम्बार बिन्ती बिसाउँदा समेत ग्यास बाहिर फाल्ने भेन्टिलेसन उपकरण जडान गरिएको थिएन । प्रत्येक मजदुरले दिनको १२ घण्टा काम गर्नुपर्थ्यो । खाजाको लागि विश्रामको समय थिएन । ज्यालाको नाममा मासिक ४० रुबल (रुसी रूपैयाँ) दिइन्थ्यो । सरकारले तोकेको न्यूनतम ज्यालाभन्दा धेरै कम थियो यो ।

यो हडताल दुई महिनासम्म चल्यो । अन्त्यमा कारखानाले एक सय हडतालीलाई कालोसूचीमा राख्यो र तिनलाई काममा लिएन । हडतालको क्रममा ३० जना मजदुर पक्राउ परे । १४ मजदुरलाई सेन्ट पिटर्सबर्गबाट निष्कासित गरियो र तिनलाई साम्राज्यका '५२ सहर' मा पस्न मनाही गरियो । यतिले नपुगेर प्रहरीले ओबुखोभका कतिपय मजदुरविरूद्ध फर्जी मुद्दा चलायो । उनीहरूलाई 'राष्ट्रहितलाई खतरामा पार्ने स्थानमा' हडताल गरेको आरोप लगाइयो ।

पहिलो व्यक्ति पक्राउ पर्दा नै मैले बुब्नोभसँग वार्ता गर्न पत्र पठाएको थिएँ । तर, यसपालि प्रचारको लागि मैले सामग्री पाउँछु भनेर उनी डराए । उनले मेरो टेलिग्रामको जवाफ पठाएनन् ।

सन् १९१३ को नोभेम्बर ६ गते हडताल टुङ्गियो । त्यसपछि ओबुखोभ कारखानाका मजदुरहरूविरूद्ध मुद्दा चलाइयो । सुनुवाइको दिन सेन्ट पिटर्सबर्गका १ लाखभन्दा बढी मजदुर सडकमा उत्रे । उनीहरूले एकदिने हडताल गरे । पिटर्सबर्गका सम्पूर्ण कलकारखाना र मिलमा मजदुर बैठक डाकियो । सबैले विरोधमा प्रस्ताव पारित गरे । हाम्रो संसदीय समूह र 'प्राभ्दा' मा यस्ता सयौँ विरोध प्रस्ताव आए । प्रस्तावको भाषा कति कडा र तीखो थियो भने 'प्राभ्दा' मा तिनलाई छाप्न सकिएन । यो राजनीतिक हडताल निकै जोसिलो र एकमना थियो । विद्यमान कठोर शासनभित्र मजदुरहरूले प्राप्त गरेका सीमित अधिकारको प्रतिरक्षा गर्ने हुटहुटी देखिन्थ्यो । वास्तवमा यो रक्षात्मक नभई सरकारविरूद्ध एउटा नौलो आक्रमण थियो ।


मुद्दा चलाइएको एक हप्तापछि ओबुखोभ कारखानाका मजदुरहरू पुन: एकपल्ट सडकमा आए । यसपालि कारखाना प्रशासनले थोपरेको नयाँ नियमको विरोधमा उनीहरूले हडताल गरे । नयाँ कानुनअनुसार एकदम दक्ष मजदुरसमेत जरिवाना तिर्नबाट जोगिन सक्दैनथ्यो । नियम कति कठोर थियो भने उसले दिनकै जरिवाना तिर्नुपर्ने हुन्थ्यो । ओभरटाइम कामलाई बाध्यकारी बनाइयो तर ज्याला सामान्य नै दिइने भयो । *(ओभरटाइम कामको प्रचलित दर सामान्यभन्दा डेढ गुणा थियो ।)* नयाँ नियम लागु गरेपछि ज्याला दिने दिन मजदुरहरूलाई जानाजान ठग्न थालियो ।

कारखाना प्रशासन मजदुरहरूलाई एकदम भड्काउने गरी प्रस्तुत भए । बैठक बस्न मनाही गरियो । कारखानाको नियमअनुसारको सहुलियतमा पनि बन्देज लगाइयो । निश्चित काम गर्ने मजदुरले काम बन्द गरे तिनका विरूद्ध आपराधिक कसुरमा मुद्दा दायर गर्ने घोषणा गरियो । जिल्लाभरि छ्याप्छ्याप्ती प्रहरी तैनाथ गरियो ।

ओबुखोभ कारखानाका मजदुरहरूले आफ्ना हाकिमसँग वार्ता गर्ने सम्भावना नै नरहेको देखे । त्यसैले उनीहरूले जलसेना मन्त्रीकहाँ प्रतिनिधि पठाउने निधो गरे । मजदुरहरूले उनलाई व्यक्तिगत रूपमै भेटेर मर्मतशालाको अवस्था जनाउने र आफ्ना माग राख्ने सोचे । उनीहरूको अनुरोधमा म फेरि एकपल्ट ग्रिगोरोभिचलाई भेट्न गएँ र उनलाई ओबुखोभका मजदुरहरूको अवस्था जाहेर गरेँ ।

यसपालि ग्रिगोरोभिचले उदारवादी वा जनताको साथी हुँ भनेर स्वाङ पारेनन् । उनले मजदुरहरूका प्रतिनिधिसँग नभेट्ने बताए । साथै, उनले प्रतिनिधि चुन्ने उद्देश्यले मजदुरहरूलाई बैठक बस्ने अनुमति दिन नसक्ने बताए । उनले भने, "मजदुरहरूका जेजति माग छन् त्यसलाई मर्मतशालाका हाकिमकहाँ मात्र बुझाउन मिल्छ ।"

संसद्को शरद् सत्र सुरु हुँदै थियो । ओबुखोभका मजदुरहरूले हामीसँग मर्मतशालामा मजदुरको कष्टकर अवस्था र प्रशासनको रवैयाको विषयमा सदनमा आपत्कालीन प्रश्न उठाउन आग्रह गरे । नोभेम्बर १५ को दिन हामीले सदनमा प्रश्न राख्यौँ । तर, दस दिनपछि मात्र त्यो छलफलको एजेन्डामा चढ्यो ।






संयुक्त राज्य अमेरिकाको राजधानी वासिङटन डीसीस्थित राष्ट्रपति भवन -ह्वाइट हाउसअगाडि राष्ट्रपति डोनाल्ड ट्रम्प सरकारको नीति निर्णयविरुद्ध प्रदर्शनको क्रममा ह्वाइटहाउस घेराउ गर्दै अमेरिकी जनता नोभेम्बर २४, २०२५ का दिन । उक्त प्रदर्शनको आयोजना फासीवाद अस्वीकार्य समूहले गरेको हो ।

*तस्बिर : एएफपी/एलेक्स रोब्लेस्की*

# हरेक १० मिनेटमा एक महिलाको हत्या : राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ, ९ मङ्सिर (एएफपी) । गत वर्ष प्रत्येक १० मिनेटमा विश्वका कुनै न कुनै स्थानमा एक महिलाको उनकै नजिकका व्यक्तिद्वारा हत्या भएको तथ्याङ्क सार्वजनिक गर्दै संयुक्त राष्ट्रसङ्घले नारीहत्या (फेमिसाइड) विरुद्धको लडाइँमा कुनै स्पष्ट प्रगति नदेखिएको कठोर टिप्पणी गरेको छ ।

संयुक्त राष्ट्रसङ्घीय लागुऔषध तथा अपराध कार्यालय (युएनओडिसी) र संयुक्त राष्ट्र महिला (युएन वुमेन) ले महिला विरुद्धको हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा जारी गरेको प्रतिवेदनअनुसार सन् २०२४ मा करिब ५० हजार महिला तथा बालिकाहरू आफ्ना घनिष्ठ साझेदार वा परिवारका सदस्यकै हातबाट मारिनु परेको थियो ।

प्रतिवेदनले विश्वभर हत्या गरिएका महिलामध्ये करिब ६० प्रतिशतलाई आफ्नै साथी वा अत्यन्तै नजिकका आफन्त–जस्तै बुबा, काका, आमा, दाइ-भाइ–द्वारा ज्यान लिइएको उल्लेख गरेको छ । तुलनात्मक रूपमा, पुरुष हत्या पीडितमध्ये मात्र ११ प्रतिशतको हत्या नजिकका व्यक्तिले गरेका थिए ।

एक सय १७ देशबाट सङ्कलित तथ्याङ्कका आधारमा तयार गरिएको उक्त प्रतिवेदनअनुसार दैनिक करिब १३७ महिला अर्थात् प्रत्येक १० मिनेटमा एक जना नारीहत्या अपराधको सिकार बनिरहेका छन् । सन् २०२३ मा सार्वजनिक भएको तथ्याङ्कभन्दा सङ्ख्या केही कम देखिए पनि यो वास्तविक सुधारलाई जनाउने सङ्केत नभएको, बरु फरक-फरक देशबाट उपलब्ध हुने तथ्याङ्कमा देखिने असमानता नै यसको मुख्य कारण भएको प्रतिवेदनले स्पष्ट पारेको छ ।

अध्ययनले चेतावनी दिँदै 'घर नै महिला तथा बालिकाका लागि सबैभन्दा खतरनाक स्थान बनेको छ' भन्दै प्रत्येक वर्ष दसौँ हजार महिलाको हत्या हुँदै आए पनि घट्दो प्रवृत्ति नदेखिएको जनाएको छ ।

विश्वका कुनै पनि क्षेत्रमा नारीहत्या शून्य नभएको प्रतिवेदनले बताउँछ । तर अफ्रिकामा गत वर्ष झण्डै २२ हजार महिलाको हत्या भई सबै क्षेत्रभन्दा उच्च सङ्ख्या दर्ता भएको उल्लेख गरिएको छ ।

संयुक्त राष्ट्र महिला नीति डिभिजनकी निर्देशक सारा हेन्ड्रिक्सका गम्भीर चिन्ता व्यक्त गर्दै भन्नुभयो, "नारीहत्या एक्लै घटित हुँदैन । यसअघि नै व्यवहारगत नियन्त्रण, धम्की, दुर्व्यवहार र अनलाइनसँगै अफलाइन दुवै माध्यममा हुने उत्पीडनका रूपहरू देखिन सक्छन्, जसको अन्त्य घातक हिंसामा पुग्न सक्छ ।"

उहाँका अनुसार प्राविधिक विकाससँगै महिलामाथि हुने हिंसाका केही प्रकार झनै बढेका छन् भने नयाँ प्रकारका डिजिटल अपराध–जस्तै गैर-सहमति तस्बिर साझेदारी, डक्सिङ (व्यक्तिगत विवरण सार्वजनिक गर्ने कृत्य) तथा डिपफेक भिडियो–जस्ता खतरनाक रूपहरू समेत जन्मिएका छन् ।

हेन्ड्रिक्सले भन्नुभयो, "हामीलाई अनलाइन र अफलाइन दुवै क्षेत्रमा महिलामाथि कसरी हिंसा फैलिन्छ भन्ने पूर्ण रूपमा बुझेर त्यसअनुरूप कडा कानुनी कार्यान्वयन आवश्यक छ । अपराधीहरू घातक हिंसामा उत्रनु अघि नै स्पष्ट रूपमा जवाफदेही बनाइनुपर्छ ।"

# अफगानिस्तानमा पाकिस्तानी बमबारी कम्तीमा १० जनाको मृत्यु भएको तालिबानको दाबी

काबुल, ९ मङ्सिर (एएफपी) । अफगानिस्तानका पूर्वी क्षेत्रहरूलाई लक्षित गरी पाकिस्तानले गरेको हवाई आक्रमणमा कम्तीमा १० सर्वसाधारणको मृत्यु भएको तालिबान सरकारले जनाएको छ । यो घटना पाकिस्तानको पेशावरस्थित सुरक्षा परिसरमा भएको सोमबारको आत्मघाती आक्रमणको भोलिपल्ट भएको हो ।

तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत भन्नुभयो, "पाकिस्तानी आक्रमणकारी सेनाले एक स्थानीय नागरिकको घरमा बम प्रहार गर्दा खोस्त प्रान्तमा पाँच बालक, चार बालिका र एक महिलासहित १० जनाको मृत्यु भएको छ ।" उहाँका अनुसार कुनार तथा पक्तिका सीमावर्ती क्षेत्रमा गरिएका थप आक्रमणमा चार सर्वसाधारण घाइते भएका छन् ।

पाकिस्तानी सेनाले यस विषयमा कुनै आधिकारिक टिप्पणी गरेको छैन ।

यसअघि पेशावरस्थित पाकिस्तानको अर्धसैनिक सङ्घीय कन्स्टेबुलरी बलको मुख्यालयमा लक्षित आत्मघाती आक्रमणमा तीनजना अधिकारीको मृत्यु र ११ जना घाइते भएका थिए । कुन समूह जिम्मेवार रहेको भन्ने पुष्टि नभए पनि राज्य प्रसारक पिटिभीले आक्रमणकारीहरू अफगान नागरिक भएको रिपोर्ट गरेको छ र राष्ट्रपति आसिफ जरदारीले 'विदेशी-समर्थित फितना अल-खवारीज' लाई दोष लगाउनुभएको छ । इस्लामाबादको शब्द फिता अल–खवारिज अर्थात तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) आतङ्ककारीहरूलाई अफगान भूमिबाट सञ्चालन गरेको आरोप लगाइएको छ ।

यसै महिनाको सुरुआतमा पाकिस्तानको राजधानी इस्लामाबादमा भएको अर्को आत्मघाती विस्फोटमा १२ जनाको ज्यान गएको थियो । उक्त विस्फोटको जिम्मा अफगान तालिबानसँग बिचारधारा मिल्ने पाकिस्तान तालिबान (टिटिपी) नजिकको एक समूहले लिएको थियो । पाकिस्तानले उक्त आक्रमण 'अफगानिस्तानमा आधारित हाइकमान्डद्वारा निर्देशन गरिएको' भएको आरोप लगाएको थियो ।

**तनावग्रस्त द्विपक्षीय सम्बन्ध**

सन् २०२१ मा तालिबान पुन: सत्तामा आएपछि पाकिस्तान-अफगानिस्तान सम्बन्ध लगातार तनावग्रस्त बनेको छ । गत अक्टोबरमा सीमा क्षेत्रमा भएको भिडन्तमा दुवै पक्षतर्फ करिब ७० जनाको मृत्यु भएपछि कतार र टर्कीको मध्यस्थतामा अस्थायी युद्धविराम भए पनि इस्तानबुलमा भएको वार्ताले स्थायी सुरक्षा समझदारी कायम गर्न सकेन ।

पाकिस्तानले अफगान भूमिमा टिटिपीलाई सुरक्षित आश्रय दिइएको आरोप लगाइरहेको छ, तर काबुलले उक्त आरोप कडा रूपमा अस्वीकार गर्दै उल्टै पाकिस्तानले अफगानिस्तानविरुद्ध शत्रुतापूर्ण समूहहरूलाई सहयोग गर्ने गरेको प्रतिवाद गर्दछ ।

यस्तै पाकिस्तान-अफगानिस्तान संयुक्त उद्योग वाणिज्य चेम्बरले यस हप्ता हजारौँ मालबाहक कन्टेनरहरू सीमा नाकामा रोकिँदा प्रत्येकले दैनिक १५०-२०० डलरसम्म अतिरिक्त खर्च खेप्नुपर्ने स्थिति अनुपयुक्त र 'असहनीय' भएको चेतावनी दिएका छन् ।

सम्पूर्ण घटनाक्रमले दुवै मुलुकबिचको सम्बन्ध फेरि गम्भीर तनावतर्फ फर्किएको सङ्केत गर्दछ ।

# जिहादी आक्रमणका कारण उत्तरी नाइजेरियामा उच्च भोकमरी : डब्लुएफपी

लागोस (नाइजेरिया), २५ नोभेम्बर (एएफपी) । उत्तरी नाइजेरियामा जिहादी आक्रमणका कारण उत्पन्न अस्थिरताको कारण भोकमरी उच्च भएकाले हजारौँ नाइजेरियाली जनताले अनिकालको सामना गरिरहेको विश्व खाद्य कार्यक्रम ( डब्लुएफपी) ले मङ्गलबार जनाएको छ ।

उत्तरी नाइजेरियाका करिब ३ करोड ५० लाख मानिसहरूले आगामी सन् २०२६ मा गम्भीर खाद्य असुरक्षाको सामना गर्नुपर्ने अनुमान गरिएको संयुक्त राष्ट्र सङ्घीय एजेन्सीले विज्ञप्तिमार्फत जनाएको छ ।

करिब १६ वर्ष लामो जिहादी विद्रोहको केन्द्रबिन्दु बोर्नो राज्यका करिब १५ हजार मानिसहरू 'विनाशकारी भोकमरी' वा 'अनिकालको अवस्थामा' पुग्ने अनुमान गर्दै डब्लुएफपीले विज्ञप्ति जारी गरेको छ । द्वन्द्वले ४० हजारभन्दा बढी मानिसहरूको ज्यान लिएको छ भने उत्तरपूर्वमा करिब २० लाख अन्य विस्थापित भई छिमेकी देशहरूमा गएको जनाइएको छ ।

नाइजेरियाले उत्तरपूर्वमा बोको हराम र मध्य तथा उत्तरपश्चिममा 'डाकु' गिरोहहरूको नेतृत्वमा हिंसाको सामना गरिरहेको छ, जसले गाउँहरूमा छापा मार्छ, मानिसहरूलाई मार्नुका साथै र फिरौतीका लागि अपहरण गर्दछ ।

## विश्व सङ्क्षेप

# मलेसियामा बाढीको कारण १८ हजारभन्दा बढी विस्थापित

कोलालम्पुर, ९मङ्सिर (सिन्ह्वा) । मलेसियामा उत्तरपूर्वी मनसुनको कारण हालै आएको बाढीले १८ हजार भन्दा बढी मानिसहरूलाई विस्थापीत गरेको अधिकारीहरूले बताएका छन् । बाढीका कारण देशभरि १० वटा राज्यहरू प्रभावित भएको उनीहरूले जनाएका छन् ।

केलान्टन, प्रान्तमा धेरै दिनदेखि लगातार भारी वर्षा भएकाले नौ हजार ७०० भन्दा बढी मानिसहरूलाई स्थानानान्त्रण गरी राहत केन्द्रहरूमा राखिएको जनाइएको छ । अन्य विस्थापितहरूमध्ये दुई हजार ७१८ सेलान्गोर प्रान्तका र दुइ हजार ८८१ पेराक प्रान्तका रहेको र अन्य बाँकी देशका विभिन्ने क्षेत्रका रहेको जनाइएको छ । यसैबिच, सरकारका मुख्य सचिव समसुल अजरी अबु बकरले बाढीबाट प्रभावित राज्यहरूमा सरकारले विभिन्न एजेन्सीसँगको समन्वयमा एक लाखभन्दा बढी कर्मचारी तथा आवश्यक सामाग्री तैनाथ गरेको बताउनुभएको छ ।

कार्यवाहाक शिक्षामन्त्री वोङ काह वोहले राष्ट्रिय स्तरका परीक्षाहरू अगाडि बढ्ने बताउँदै असहज परिस्थितिलाई सामना गर्ने आकस्मिक उपायहरू भएकाले उम्मेदवारहरू सुरक्षित रूपमा परीक्षा दिन सक्ने बताउनुभएको छ ।

यसैबिच प्रधानमन्त्री अनवर इब्राहिमले बाढी प्रभावितहरूको उद्धार तथा राहत वितरण गर्ने राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सीप्रति सन्तुष्टि व्यक्त गर्दै सबै एजेन्सीहरूलाई प्रभावित समुदायहरूलाई सहयोग गर्न अधिकतम प्रयास गर्न निर्देशन दिनुभएको छ । मौसम विभागले भने निरन्तर भारी वर्षा र तीव्र हावाहुरीको चेतावनी जारी गरेको छ ।

# युरोपेली सङ्घको युक्रेन शान्ति योजनालाई रूसद्वारा अस्वीकार

मस्को, ९ मङ्सिर (सिन्ह्वा) । युक्रेनमा व्याप्त युद्ध सङ्कट समाधानका लागि तयार पारिएको युरोपेली शान्ति योजनाबारे रूस सचेत रहेको जनाउँदै यसका प्रावधानहरू "अवै धानिक" रहेको रूसी राष्ट्रपतिका सहयोगी युरी उसाकोभले बताउनुभएको छ ।

शान्ति योजनाका बारेमा धेरै अनुमान तथा प्रयासहरू भए तापनि रूसले संयुक्त राज्य अमेरिकाबाट सिधै प्राप्त शान्ति योजना र जानकारीलाई मात्र विश्वास गर्ने उहाँले बताउनुभएको छ ।

यसै क्रममा अलास्कामा छलफल गरिएका योजनाका अधिकाशं प्रावधानहरू मस्कोका लागि स्वीकार्य रहेको उशाकोभले जनाउनुभएको छ ।

रूसी मिडियाका अनुसार, "युरोपेली योजना" ले संयुक्त राज्य अमेरिकाले प्रस्ताव गरेको २८-बुँदे शान्ति योजनामा धेरै संशोधन प्रस्तावहरू छन् । जसमा युक्रेनी सशस्त्र सेना वा रक्षा उद्योगको आकारमा कुनै प्रतिबन्ध नलगाउनु भनी उल्लेख गरिएको छ । यद्यपि अमेरिकी प्रस्तावमा युक्रेनी सशस्त्र सेनाको आकार सानो बनाई छ लाखमा सीमित गर्नुपर्ने सर्त रहेको जनाइएको छ ।

आइतबार जेनेभामा आयोजित संयुक्त राज्य अमेरिका, युक्रेन र युरोपेली सङ्घ (इयु) का प्रतिनिधिहरू बिचको परामर्शपछि प्रारम्भिक मस्यौदा योजना २८ बुँदाबाट घटेर १९ बुँदामा झरेको मिडिया रिपोर्टहरूले जनाएका छन् ।

उसाकोभले शान्ति योजनाको विवरणबारे छलफल गर्न अमेरिकाले चाँडै रूससँग सम्पर्क गर्ने पनि बताउनुभएको छ । यद्यपि विशेष व्यवस्था भने अझै निर्धारण हुन सकेको छैन ।

# अफगान शरणार्थी फिर्तीले आर्थिक दबाब तीव्र, यूएनडीपीको चेतावनी

काबुल, ९ मङ्सिर (एएनआई) । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले अफगान जनताको आर्थिक अवस्था तथा निर्वासित आप्रवासीहरूबारे विस्तृत प्रतिवेदन सार्वजनिक गर्दै छिमेकी राष्ट्रबाट २३ लाख अफगान एकैपटक फर्किनुले अफगानिस्तानको पुनर्निर्माण प्रयासमा गम्भीर दबाब परेको बताएको छ ।

अफगानिस्तानका लागि युएनडिपीका प्रतिनिधि स्टिफन रोड्रिक्सले वर्तमान आर्थिक झट्का, आवधिक प्राकृतिक प्रकोप र व्यापक फिर्तीबिचको सम्बन्धलाई उल्लेख गर्दै दीर्घकालीन, समन्वित र समुदाय-केन्द्रित समाधान अत्यावश्यक रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "फर्कनेहरूको ठूलो सङ्ख्या अहिलेको आर्थिक अस्थिरता र प्रकोपको प्रभावसँग जोडिँदा हामीलाई स्थानीय स्तरमै जरा गाडिएका तर पर्याप्त परिमाणका समाधान अपरिहार्य हुन्छन् ।"

टोलो न्युजका अनुसार युएनडिपीका कार्यकारी निर्देशक तथा न्युयोर्कस्थित क्राइसिस ब्युरोका प्रमुख सोको नोडाले महिलालाई केन्द्रमा राखेर काम गर्नु अतिआवश्यक भएकोमा विशेष जोड दिनुभयो । उहाँले भन्नुभयो, "हिजो भेटिएका ती बहिनीहरूले जीवन पुन: सुरु गर्ने दृढता देखाउनुभयो । तर परिवार र समुदाय दुवै तहमा उनीहरूले व्यहोर्नुपरेका चुनौतीहरू पनि निकै पीडादायी छन् । जबरजस्ती विस्थापनका कारण तत्काल मानवीय राहतभन्दा पर, दीर्घकालीन लचिलोपन, जीविकोपार्जनको पुन:स्थापना र आधारभूत आवश्यकताहरू सुनिश्चित गर्नु अत्यन्तै जरुरी हुन्छ ।"

यसैबिच, अफगानिस्तानका लागि यूरोपेली सङ्घ प्रतिनिधिमण्डलका सहयोग विभाग प्रमुख एरिक ब्युमोन्टले मुलुकका 'वास्तविक अधिकारी' हरूले तयार गरिरहेको राष्ट्रिय विकास योजना अन्तर्राष्ट्रिय साझेदारहरूका लागि पनि मार्गदर्शक दस्तावेज बन्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपस्थित जापानी राजदूतले पनि अफगान जनतालाई, विशेषत: जबरजस्ती फिर्ता गरिएका वा स्वेच्छाले फर्किएका आप्रवासीहरूलाई निरन्तर सहयोग पुऱ्याउनेमा जापान प्रतिबद्ध रहेको बताउनुभयो ।

# एङ्गेल्सको 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' बारे

**जमिला**

मार्क्सवाद र मार्क्सवादी साहित्य अध्ययन र मनन यो युगमा अझ बढी आवश्यक अनुभव हुँदै छ । शोषण, अन्याय र दमनको साम्राज्यसँग जित्ने उपाय र मार्गचित्र मार्क्सवादले नै मात्र दिन सक्ने विश्वास अझ बलियो हुँदै छ । मार्क्सवादी साहित्य अध्ययनको सूचीमा फ्रेडरिक एङ्गेल्सको एउटा अमर कृति 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' पनि पर्दछ । मार्क्सवादको एउटा पृष्ठभूमि मानिने यस पुस्तकले मार्क्सवादको वैज्ञानिकता, व्यावहारिकता खुलाउँछ । मानव समाजको प्रादुर्भावसँगै सुरु हुने मानिसको सामाजिक, आर्थिक र उत्पादन सम्बन्धलाई पुस्तकमा असाध्यै मिहीन ढङ्गले केलाइएको छ । मानव समाजको विकासक्रमको इतिहासदेखि यो शताब्दीसम्म समाजलाई भौतिकवादी अझ भनौं द्वन्द्वात्मक भौतिकवादी आँखाले विश्लेषण गरिएको छ । शोषण के हो ? मानव समाज सँगसँगै शोषणका रूपहरू कसरी बदलिए ? परिवारको उत्पत्ति कहाँ कसरी भयो ? निजी स्वामित्वले शोषणलाई किन बढाउँछ ? राज्यसत्ता किन निर्मम हुन्छ ? भन्ने यावत प्रश्नहरूको गहिरो विश्लेषणात्मक तथ्यमा आधारित र ऐतिहासिक पृष्ठभूमिमा आधारित जवाफ पुस्तकमा भेटिन्छ । पुस्तकले इतिहासको भौतिकवादी धारणा प्रस्तुत गर्छ ।


यो पुस्तक एङ्गेल्सले सन् १८८४ मईको अन्त्यमा तयार पार्नुभयो । मार्क्सका पाण्डुलिपिहरूको अध्ययन गर्ने क्रममा एङ्गेल्सले अमेरिकी वैज्ञानिक लुइस हेनरी मोर्गनको 'प्राचीन समाज' पुस्तकसम्बन्धी विस्तृत टिप्पणीहरूको सङ्कलन फेला पार्नुभयो । ती टिप्पणीहरू मार्क्सले सन् १८८०-१८८१ मा तयार पार्नुभएको जानकारी पुस्तकमा छ । मोर्गनले आफ्नो पुस्तकमा प्रस्तुत गरेको निष्कर्ष र मार्क्सका टिप्पणीहरूलाई एकै ठाउँमा राखी थप अध्ययन र विश्लेषणको आवश्यकताबोध गरी यो कृति तयार पार्नुभयो । मार्क्सले प्रकाशन गर्न चाहनुभएको तर सम्भव नभएको यस कृतिलाई एङ्गेल्स मार्क्सको 'अन्तिम अभिलाषाको पूर्ति' भन्नुहुन्छ । पुस्तक लेख्ने क्रममा एङ्गेल्स युनान र रोम, प्राचीन आयरल्याण्ड र प्राचीन जर्मनीबारे आफूले गरेको अनुसन्धानमा जुट्नुभएको प्रसङ्गले पुस्तकको वस्तुनिष्ठता र वैज्ञानिकता झल्काउँछ ।

यस कृति पहिलोपटक सन् १८८४ मा जर्मन भाषामा, सन् १८८५ मा इटालियाली, सन् १८८६ मा रुमेनियाली, सन् १८८८ मा डेनिस र सन् १९०२ मा मात्र अङ्ग्रेजी भाषामा प्रकाशन गरियो । संस्कृतिका प्रागैतिहासिक चरणहरू शीर्षकमा जङ्गली युग, बर्बर युग र सभ्य युगका मानव जातिले गरेको विकासको चित्र प्रस्तुत छ । जङ्गली युगमा मुख्यतया प्रकृतिमा पाइने वस्तुहरू जस्ताको तस्तै प्रयोग हुन्थे । बर्बर युगमा आइपुग्दा पशुपालन र खेतीपातीको थालनी अवधि सुरु भयो । त्यो कालमा मानव क्रियाशिलताको उपलब्धिका रूपमा उत्पादनको वृद्धि गर्ने नयाँ तरिकाहरू सिकाइयो र अभ्यासमा ल्याइयो । सभ्ययुगमा पुग्दा प्राकृतिक वस्तुहरूको अरू बढी प्रशोधन गर्ने कलामा दक्षता प्राप्तिको अवधि सुरु भयो । सभ्ययुग वास्तवमै उद्योग तथा कलाको विकासको अवधि बन्यो भन्ने ऐतिहासिक अध्ययन र यथार्थ विश्लेषण पुस्तकमा छ । जङ्गली युगदेखि सभ्य युगसम्म आइपुग्दा परिवारको जन्म, विकासबारे एङ्गेल्सले ऐतिहासिक पृष्ठभूमिका आधारमा अत्यन्त गहन अनुसन्धानपछि केस्राकेस्रा केलाउनुभएको छ ।

पुस्तकमा मानिसको जाति, यौन-जीवन, विवाहबारे युग सापेक्ष विचार र विश्लेषण प्रस्तुत छ । हाडनाताको सम्बन्धमा आधारित परिवार, पुना लुआ परिवार, युगल परिवार, एकनिष्ठ परिवारबारे विस्तृत र गहिरो अध्ययन पस्कँदै पुस्तकले युग परिवर्तनका चरणहरू अवगत गराउँछ । आदिम समाज हुँदै मातृसत्तात्मक समाजबाट पितृसत्तात्मक समाजमा पदार्पण पछाडि युगल विवाहदेखि एकनिष्ठ विवाहसम्मको उत्पादन सम्बन्ध र श्रमविभाजनले भूमिका खेलेको देखिन्छ । जङ्गली युगमा समूह विवाह, बर्बर युगमा युगल र सभ्य युगमा एकनिष्ठ विवाह प्रचलित भयो ।

एङ्गेल्सले बुर्जुवा परिवारको कडा आलोचना गर्नुभयो । निजी स्वामित्वको प्रभुत्व कायम रहेको अवस्थामा हुने नारीहरूको असमान स्थितिका आर्थिक कारण प्रस्ट्याउनुभयो । नारी पनि किनबेचको सामग्रीजस्तै बनाइने समाज चिनाउनुभयो । विवाह सम्बन्धको यो रूप पुँजीवादी उत्पादन सम्बन्धका लागि सबभन्दा अनुकूल प्रणाली हो । सब कुरालाई वस्तुमा परिणत गरेर, सम्पत्ति र नाफा नोक्सानसँग दाँजेर पुँजीवादी उत्पादन सम्बन्धले परापूर्वकालदेखि संरक्षित रहँदै आएका सबै प्राचीन सम्बन्धलाई नष्ट गरिदियो । परम्परागत रीति-रिवाज तथा ऐतिहासिक अधिकारको स्थानमा क्रयविक्रय र स्वतन्त्र सम्झौताको स्थापना गरिदियो । पुस्तकमा लेखिएको छ - "पुँजीवादी धारणाअनुसार विवाह एक सम्झौता हो र अझ त्यसमाथि सबभन्दा महत्त्वपूर्ण कानुनी लेनदेन पनि हो ।" यस धारणाले महिला पहिलेभन्दा बढी शोषणमा परेको तथ्य प्रस्तुत गर्छ ।

पुँजीवादी उत्पादन प्रणालीको उन्मूलन




भएपछि मात्र महिलाले वास्तविक स्वतन्त्रता प्राप्त गर्नसक्ने एङ्गेल्स प्रस्ट पार्नुहुन्छ । उहाँ जोड दिनुहुन्छ, "समाजवादी समाजमा मात्रै जहाँ सामाजिक उत्पादनमा महिलाको सहभागिता रहन्छ, सामाजिक जीवनमा समस्त क्षेत्रमा महिला र पुरुषका बिचमा पूर्ण समानता हुन्छ, महिला घरधन्दाको बोझबाट मुक्त हुन्छन् र त्यो बोझ बढ्दो मात्रामा समाजले बोक्दै जान्छ, पुरुष र महिलाको पूर्ण समानता, एक अर्काप्रति आदरको भावना र सच्चा प्रेममा आधारित परिवारको नयाँ उत्कृष्ट रूपको प्रादुर्भाव हुन्छ ।"

पुस्तकमा गोत्र प्रथाको नालीबेली उजागर गरिएको छ । इरोक्वा गोत्र, युनानी गोत्रमा प्राचीन गोत्रीय सङ्गठनको उत्थान, विकास र पतनसँगै राज्यको उत्पत्ति भएको हो । यस कृतिका अधिकांश खण्डमा स्वामित्वको उत्पत्ति र विभिन्न रूपहरूको विकासको विश्लेषण गरिएको छ । एङ्गेल्सले निजी स्वामित्वमा आधारित व्यवस्था नित्य होइन भनी तथ्यसङ्गत विश्लेषण गर्नुभएको छ । आदिम इतिहासको एक लामो अवधिसम्म उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व रहेको थियो भन्ने कुरा अकाट्यरूपमा प्रमाणित गर्नुभयो । उत्पादन शक्तिहरूको विकास एवम् श्रम उत्पादनशीलतामा वृद्धि भएसँगै अरूको श्रमको फल अर्थात् आम्दानी हत्याउने सम्भावना पैदा हुन्छ फलस्वरूप निजी स्वामित्व र मानवद्वारा मानवको शोषणको प्रादुर्भाव हुन्छ । त्यसैगरी समाज परस्पर विरोधीवर्गहरूमा विभाजित हुने तथ्यलाई एङ्गेल्सले मिहीन विवेचना गर्नुभएको छ ।

राज्यको उत्पत्ति र सारतत्त्व नै एङ्गेल्सको कृतिको प्रमुख विषय या मेरुदण्ड हो भनिएको छ । एथेन्स राज्यको उत्पत्ति, रोममा गोत्र तथा राज्यको उत्पत्ति, केल्ट तथा जर्मन गोत्रको विकासले राज्यसत्ताको अभ्युदयका लागि अनुकूल स्थिति खडा गरेको इतिहास पुस्तकमा उजागर भएको छ । गोत्र प्रणाली ध्वस्त भएपछि त्यसको स्थान राज्यले लिएको बुझिन्छ । जर्मनहरूमा राज्यको उत्पत्तिले रोमन साम्राज्यमा जर्मन आक्रमणकारीहरूले प्रवेश गरेको बुझ्न सकिन्छ । जर्मन उदयसँगै प्राचीन युनानी तथा रोमन सभ्यताको शैशवकाल खत्तम हुन्छ, रोमन राज्य एक विराट एवम् जटिल यन्त्रको रूपमा परिणत भएको इतिहास छ । कर, राजकीय सेवाहरू र विभिन्न शुल्कहरूले आम जनसमुदायलाई आधिकारिक गरिबीमा पारिदियो । शोषणको एउटा प्रणाली स्थापित भयो । प्राचिनकालमा दासप्रथा कायम थियो । हरेक युगमा शोषणको रूप सामाजिक श्रम विभाजन र उत्पादन सम्बन्धसँग जोडिएको हुन्छ । पुस्तकमा लेखिएको छ, "श्रमको सामाजिक विभाजनबाट नै दुई वर्गहरू अर्थात् शोषक र शोषितहरूमा समाजको विभाजन सुरु भयो ।" कृषि, उद्योगलगायत अन्य श्रममा पनि यही प्रक्रिया लागु हुन्छ । पुस्तकमा लेखिएको छ, "सेनानायक, परिषद्, जनसभाहरू, गोत्रीय समाजका त्यस्ता निकायहरूको रूपमा देखापर्छन्, जसबाट सैनिक जनवादको विकास हुन्छ ।" साथै, पुस्तकमा बुर्जुवा प्रजातान्त्रिक गणराज्यको चर्चा छ जसले सदा पुँजीवादको पक्षपोषण गऱ्यो । बर्बर युगमा लुटको धन बढी सरल र सम्मानजनक लाग्ने हुन्छ । श्रम विभाजनमा एक नौलो पाइला अर्थात् व्यापार, विनिमयले सभ्य युगको श्रीगणेश गर्छ भनिएको छ ।

राज्यको जन्म प्रत्यक्षरूपमा वर्गीय अन्तरविरोधहरूबाट हुन्छ अर्थात् राज्य सामाजिक विकासको निश्चित चरणको उपज हो । राज्य साम्झौताविहीन प्रतिपक्षताहरूमा विभाजित भएको हुन्छ जसबाट मुक्त हुन राज्य असमर्थ हुन्छ । पुस्तकमा लेखिएको छ - "यस्ता प्रतिपक्षताहरू, परस्परविरोधी आर्थिक स्वार्थ भएका वर्गहरूले एक निरर्थक सङ्घर्षमा एक अर्कालाई ननिलून् भन्नका लागि एउटा शक्तिको आवश्यकताबोध भयो । जो समाजभन्दा माथि अवस्थित देखिन्छ, त्यस्तो शक्ति, जसले त्यस अन्तर्द्वन्द्वलाई मत्थर पारोस् र त्यसलाई 'सुव्यवस्था' को परिधिभित्र नियन्त्रित राखोस् । अनि समाजबाटै उत्पन्न भएको तर समाजभन्दा माथि रहेको र त्यसबाट आफूलाई झन्झन् अलग्याउँदै लगिरहेको यो शक्ति नै राज्य हो ।"

यसरी प्राचीन युनान, प्राचीन रोम तथा जर्मनीमा राज्यको उत्पत्तिको उदाहरणमा एङ्गेल्सले स्पष्ट तथा तर्कयुक्त ढङ्गले देखाउनुभएको छ कि उत्पत्तिकालदेखि नै राज्य सदा ती वर्गहरूको आधिपत्य कायम राख्ने हतियार बन्दै आएको छ, जसले उत्पादनका साधनहरूमाथि आफ्नो प्रभुत्व कायम राखेका हुन्छन् । तर, सत्य के हो भने राज्य अनादिकालदेखि नै अस्तित्वमा थिएन आदिम समाज त्यसको उदाहरण हो । यसरी राज्यसत्ताविहीन साम्यवादी समाज, सर्वहारा अधिनायकवादी समाजको शब्दहृश्य पनि यसै कृतिमा छ । सर्वहारा क्रान्तिको अनिवार्यता र साम्यवादी समाजको निर्माण कृतिको निहित मर्म हो ।

यसरी आदिम समाजदेखि सभ्य युगसम्म मानव जातिको विकास, परिवार, निजी सम्पत्ति र राज्यको विकास एवम् मानिसमाथिको शोषणका रूपहरूको विश्लेषणले समाजलाई वर्गविहीन, राज्यसत्ताविहीन समाजको स्थापना गर्ने बलियो आधार अनि विचार यस कृतिले प्रदान गर्छ ।

*- 'श्रमिक' साप्ताहिकबाट*

# कोप – ३० : १.५ डिग्री तापक्रममा सीमित राख्ने लक्ष्यमा ऐक्यबद्धता

**- भीष्मराज ओझा**

काठमाडौं । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औं सम्मेलन (कोप-३०) मा ब्राजिलको बेलेममा सम्पन्न भएको छ ।

यही नोभेम्बर १०-२१ तारिखसम्म आयोजना भएको सम्मेलनको निष्कर्षमा सहमति हुन नसक्दा निर्धारित समय लम्बिएको हो । सदस्य राष्ट्रहरूबिच जीवाष्म इन्धनको मुद्दा, अनुकूलन वित्त, जलवायु न्यायलगायत विषयमा सहमति हुन नसक्दा एक दिन समय लम्बिएको थियो ।

सम्मेनलस्थलमा अधिकारकर्मी र आदिवासी समुदायले आफ्ना हकअधिकार तथा जीवाष्म इन्धन अन्त्यको मागसहित विशाल प्रदर्शन गरेका थिए । अन्तिम साता सम्मेलनस्थलमा भएको आगलागीले केही समय कार्यक्रम सञ्चालनमा अवरोधसमेत पुगेको थियो ।

यस सम्मेलनमा देखिएको विश्वभरबाट रहेको सहभागिता, छलफल र निष्कर्ष हेर्दा उपलब्धि औसत रहेको जानकारहरूको भनाइ छ । संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प दोस्रो कार्यकाल राष्ट्रपतिमा निर्वाचित भएपछि अमेरिका पेरिस सम्झौताबाट बाहिरिएको घटनाले पनि सम्मेलन तुलनात्मक रूपमा उत्साहजनक देखिएन ।

अर्कोतर्फ रुस-युक्रेन युद्धले सम्पूर्ण युरोप र रुसबिच देखिएको ध्रुवीकरण, इजरायल-गाजा भयानक युद्धको भर्खरै समाप्तीलगायत विश्वका विभिन्न क्षेत्रमा देखिएको द्वन्द्वका बिच यो सम्मेलन भएको थियो ।

संयुक्त राष्ट्रसङ्घका जलवायु परिवर्तन कार्यकारी सचिव साइमोन स्टिलले सम्मेलन समापनमा सम्बोधन गर्दै यस वर्ष एउटा देश पछाडि हटेको विषयले ठूलो ध्यान खिचेको बताउनुभयो । उहाँका अनुसार तीव्र राजनीतिक हावाहुरीबिच पनि १९४ देशहरू जलवायु सहयोगका पक्षमा ठोस र अविचल समर्थनसहित ऐक्यबद्ध रूपमा उभिएका छन् ।

उहाँले सम्मेलनमा एक दशमलव पाँच डिग्री तापक्रममा सीमित राख्ने लक्ष्यमा राष्ट्रहरू एकसाथ उभिएका भन्दै पेरिस सम्झौता प्रभावकारी रूपमा अघि बढिरहेको उल्लेख गर्नुभयो । कार्यकारी सचिव स्टिलले हालको भू-राजनीतिक तनाव, विभाजन र जलवायु अस्वीकारले अन्तर्राष्ट्रिय सहकार्यलाई असर पारे पनि १९४ देशहरूको ऐक्यबद्धता जलवायु कार्यका लागि महत्त्वपूर्ण आशाको स्रोत भएको धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "हामी अहिले जलवायु लडाईं जितिरहेका छैनौं, तर हामी नि:सन्देह अझै पनि यसमा छौं र लडिरहेका छौं ।" सम्बोधनमा उहाँले जलवायु सहनशीलता, स्वच्छ ऊर्जा र न्यायोचित रूपान्तरणसम्बन्धी नयाँ सहमतिलाई कोप-३० को महत्त्वपूर्ण उपलब्धि भएको बताउनुभयो । उहाँका अनुसार रूपान्तरणको मार्ग अपरिवर्तनीय भइसकेको छ । नवीकरणीय ऊर्जामा विश्वव्यापी लगानी जीवाष्म इन्धनको भन्दा दोब्बर भएको तथ्यले यसलाई पुष्टि गर्छ ।

कार्यकारी सचिव स्टिलले कोप-३० ले अगाडि सारेको कार्यसूचिअन्तर्गत स्वच्छ विद्युत् ग्रिडका लागि एक ट्रिलियन डलर, सयौं मिलियन हेक्टर वन, भूमि तथा महासागर संरक्षण तथा पुन:स्थापना र ४० करोडभन्दा बढी मानिसलाई जलवायु-प्रतिरोधसक्षम बनाएको प्रगति उल्लेख गर्नुभयो ।

दैनिक जीवनमा बढ्दो महँगी, प्रदूषण, जलवायु-विपद्का जोखिम र ऊर्जा मूल्य वृद्धिजस्ता चासोहरूलाई यस सम्मेलनले सम्बोधन गर्न सुरु गरेको उल्लेख गर्दै उहाँले दुष्प्रचारले विश्वव्यापी जलवायु प्रयासलाई कमजोर पारेको चेतावनी दिनुभयो । सम्बोधनमा उहाँले धेरै मुलुकहरूले जीवाष्म इन्धनको निर्भरता घटाउने, वित्तीय योगदान बढाउने र जलवायु-विपद्को प्रतिक्रिया क्षमता विस्तार गर्ने मागलाई समर्थन गरेको बताउनुभयो ।

यद्यपि सबै विषयमा अपेक्षित जति छिटो प्रगति नभएको स्वीकार गर्दै कार्यकारी सचिव स्टिलले कोप-३० ले मार्ग स्पष्ट बनाइदिएको बताउनुभयो । अबको प्राथमिकता राष्ट्रिय जलवायु योजना (एनडिसिज) हरूको शीघ्र कार्यान्वयनमा केन्द्रित हुनुपर्नेछ । कार्यकारी स्टिलले सम्मेलनमा प्रस्तुत 'मुटिराओ' (सामूहिक प्रयासको भावना) अब भविष्यका वर्षमा पनि निरन्तरता पाउनुपर्ने बताउनुभयो ।

जलवायु विज्ञ मञ्जित ढकालले विश्व भू-राजनीतिक अवस्था, जलवायु परिवर्तनका घटनामा उल्लेख्य वृद्धि, पेरिस सम्झौताको १० वर्षलगायत विषम परस्थितिमा भएको कोप-३० सम्मेलन भएको बताउनुभयो । यस्तो अवस्थामा संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा रहेर सम्मेलनमा सहभागी राष्ट्रहरूले सहकार्य गरी जलवायुका असर समाधान गर्ने एकमत देखिएको सन्देश दिन सफल भएका उहाँले बताउनुभयो ।

त्यस्तै, अतिकम विकसित राष्ट्रहरूले उठाएको अनुकूलन सहयोग तीनगुणा बढाउनुपर्ने विषय समेटिएको विषय सकारात्मक छ भने अर्कोतिर नेपाल, भूटान कीर्गिस्तानलगायत मुलुकहरूले उठाएको हिमालका विषय समेट्नुपर्ने भन्ने आवाजलाई एक हदसम्म सम्बोधन भएको छ । कार्बन उत्सर्जन घटाउने विषयमा भने तेल उत्पादन गर्ने राष्ट्रहरूको दबाबका कारण ठोस उपलब्धि हुन नसकेको विज्ञ ढकालले उल्लेख गर्नुभयो ।

**नेपालका लागि कति उपलब्धिमूलक ?**

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्मेलनमा भाग लिनुभएका कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियारका अनुसार सम्मेलनमा नेपालले आफ्ना मुद्दा उजागर गर्ने सन्दर्भमा फलदायी भएको छ । उहाँले सम्मेलनको मन्त्रिस्तरीय सत्रलाई सम्बोधन गर्दै विकसित राष्ट्रहरूले विगतमा गरेका जलवायु वित्तसम्बन्धी प्रतिबद्धता पूरा गर्नुपर्ने बताउनुभएको थियो ।

विश्वव्यापी बढ्दो तापक्रमलाई नियन्त्रण गर्न १ दशमलव ५ डिग्री सेल्सियसको लक्ष्य साकार पार्न उदाउँदो अर्थतन्त्रसहित सबै पक्षहरूले रचनात्मक रूपमा संलग्न हुनुपर्नेमा उहाँको जोड थियो । मन्त्री डा. परियारले गत जेठमा काठमाडौंमा सम्पन्न सगरमाथा संवादको सन्दर्भ स्मरण गराउँदै युएनएफसिसिसी प्रक्रियामा हिमालसम्बन्धी एजेन्डालाई तुरुन्तै समावेश गराउन आग्रह गर्नुभएको थियो ।

जलवायु परिवर्तनका असरबाट प्रभावित नेपालजस्ता मुलुकका लागि जलवायु वित्तमा वृद्धि, सहज पहुँच, प्रक्रिया सरलीकरण र प्रविधि हस्तान्तरणजस्ता विषयमा पनि नेपालले जोड दिएको थियो ।

त्यस्तै, वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले कोप-३० सम्मेलनको पूर्वसन्ध्यामा गत कार्तिक २० र २१ गते भएको 'लिडर समिट' मा नेपालका तर्फबाट वक्तव्य दिँदै पृथ्वीको सुरक्षाका लागि सबैले मिलेर कार्य गर्नुपर्ने बताउनुभएको थियो । उहाँले हिमालय क्षेत्र नेपालको पहिचान मात्र नभई अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत भएको बताउँदै यसको सुरक्षाका लागि सामूहिक प्रयासको खाँचो औंल्याउनुभएको थियो ।

सचिव डा. मिश्रले नेपालमा जलवायु सङ्कट तीव्र बन्दै गएको उल्लेख गर्दै यस वर्षमात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण तीन सयभन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराउनुभएको थियो ।

वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले सम्मेलनमा नेपालका जलवायुका मुद्दा उजागर गर्ने, संरक्षण र अनुकूलनमा भएका राम्रा अभ्यास तथा प्रयासका बारेमा विश्वजगतलाई अवगत गराउने काम भएको बताउनुभयो ।

उहाँका अनुसार सम्मेलनमा नेपालले जलवायुजन्य हानिनोक्सानि, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६, जलवायु वित्त, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायलगायतका विषयका मुद्दा उठाएको थियो ।

नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप-१५ देखि जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको छ । पेरिस सम्झौताअनुसार विश्वसमुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे पनि सन् २०५० भन्दा पहिले हिमाली क्षेत्रको तापक्रम सरदर एक दशमलव आठ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ ।

साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेका छन् । तसर्थ, यस विषयको संवेदनशीलतालाई बुझेर हिमाल संरक्षणका लागि प्रभावकारी कदम चाल्न समयमै विश्वको ध्यान जान जरुरी छ । ***रासस***

# भक्तपुर नगरपालिका परीक्षा समिति २०८२ गठन



भक्तपुर, ९ मङ्सिर । नगर शिक्षा समिति भक्तपुरले मङ्गलबार भक्तपुर नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरूको परीक्षा सञ्चालन, समन्वय तथा आवश्यक व्यवस्थाको लागि भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को परिच्छेद ६ दफा १५ बमोजिम भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको अध्यक्षतामा सात सदस्यीय परीक्षा समिति २०८२ गठन गऱ्यो ।

उक्त समितिमा अध्यक्षमा योगेन्द्रमान बिजुक्छेँ, सदस्यहरूमा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, सार्वजनिक माध्यमिक विद्यालय, संयुक्त परीक्षा परीक्षा समितिका चक्रबहादुर चाकतु, सामुदायिक माध्यमिक विद्यालय, सामूहिक परीक्षा समितिका राम हाडा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन) का शिवकुमार कोजु र संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का बदनकेशरी प्रजापति रहनुभएको छ ।

समिति गठनपश्चात् नगर प्रमुख सुनिल प्रजापतिले सम्पूर्ण पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथग्रहण गराउनुभयो भने नगरपालिकाले सञ्चालन गर्ने परीक्षालाई स्वच्छ, मर्यादित एवम् अनुशासितरूपमा सम्पन्न गर्न निर्देशन दिनुभयो ।

# चीनले सीमा क्षेत्रमा सैन्य पूर्वाधार विस्तार गर्दै

नयाँदिल्ली, २५ नोभेम्बर (एएनआई) । भारत-चीन सीमा सन् २०१७ को डोकलाम गतिरोध र सन् २०२० को गलवान उपत्यकाका घटनापछि तुलनात्मकरूपमा शान्त देखिए पनि चीनले तिब्बत क्षेत्रमा भारतीय सीमानजिक सैन्य पूर्वाधार विस्तारलाई निरन्तर अघि बढाइरहेको छ ।

पिपुल्स लिबरेसन आर्मी (पिएलए) ले वास्तविक नियन्त्रण रेखा (एलएसी) वरिपरि आफ्ना सुविधा, रसद केन्द्र र कनेक्टिभिटी संरचना क्रमशः विस्तार गर्दै आफूलाई थप बलियो बनाइरहेको छ ।

हालै चीनले तिब्बतमा करिब चार हजार ३०० मिटर उचाइमा नयाँ मानवरहित हवाई वाहन (युएभी) परीक्षण केन्द्र निर्माण गरेको छ । यसले पिएलएलाई उच्च-उचाइ र कठोर मौसममा ड्रोन परीक्षण गर्न सहज बनाउने अपेक्षा छ । सात सय २० मिटर लम्बाइको धावन मार्ग, ह्याङ्गरहरू तथा प्रशासनिक भवनहरू रहेको यो पूर्वाधार ङारीस्थित पिएलए रसद केन्द्रको दक्षिणपूर्वमा अवस्थित छ ।

तिब्बती पठारको कठोर भूभाग, चिसो मौसम, उचाइ रोगको जोखिम र सीमित स्थानीय आपूर्तिका कारण सैन्य गतिविधि कठिन मानिन्छ । सैनिकहरूलाई पूरक अक्सिजन, जमेको पानी पगालेर प्रयोग गर्ने आवश्यकता तथा सवारी साधनका लागि इन्सुलेटेड ग्यारेज अनिवार्य हुन्छ । हेलिकप्टरहरूको पेलोड क्षमता पनि उल्लेख्य रूपमा घट्छ । यिनै चुनौतीबिच चीनले व्यापक सडक, हवाई तथा रेल पूर्वाधार विकासलाई प्राथमिकता दिइरहेको छ ।

अमेरिकी वायु सेनाको 'चाइना एरोस्पेस स्टडिज इन्स्टिच्युट' (सिएएसआई) ले सन् २०२५ मा प्रकाशित प्रतिवेदनमा तिब्बतमा कमजोर यातायात पूर्वाधार पिएलएको सीमितता भए पनि पछिल्ला वर्षमा तीव्र गतिमा विस्तार हुँदै प्रभावकारी रसद संयन्त्र सक्षम बनाइएको उल्लेख गरेको छ । चीनले आफ्नो १४औँ पञ्चवर्षीय योजनाअन्तर्गत तिब्बतमा सम्बन्धित पूर्वाधारका लागि ३० अर्ब अमेरिकी डलर विनियोजन गरेको छ ।

डोकलामपछि भारतसँगको सीमा नजिक चीनले राजमार्ग, सहायक सडक तथा पुलहरू तीव्र गतिमा विस्तार गरिरहेको भारतीय थिङ्क-ट्याङ्क ओआरएफले पनि जनाएको छ । विशेषगरी जी-३१४, जी-६८४, जी-६९५ र जी-२१६ जस्ता मार्गहरूले सैन्य परिचालन क्षमतालाई उल्लेखनीय रूपमा सहज बनाएको बताइन्छ । पाङ्गोङ त्सो क्षेत्रमा सन् २०२१ र सन् २०२४ मा बनेका दुई पुलले सैनिक आवत-जावतलाई झनै छोट्याइदिएको छ ।

यस्तै, सन् २०१७ देखि सन् २०२३ बिच तिब्बत र सिन्जियाङमा कम्तीमा ३७ सैन्य वा दोहोरो प्रयोगका विमानस्थल र हेलिपोर्ट निर्माण गरिएका छन् । सीमापट्टि करिब ६०० भन्दा बढी 'सीमावर्ती गाउँ' निर्माण गरी प्रशासनिक र रसद उपस्थिति विस्तार गरिएको सिएएसआईकै अध्ययनले जनाएको छ ।

तिब्बत सैन्य जिल्लामा तीन संयुक्त-हतियार ब्रिगेड, आठ सीमा रक्षा रेजिमेन्ट तथा विस्तारित रसद संरचनाले पिएलएको परिचालन क्षमता थप सुदृढ बनेको छ । कठिन भूभागमा पनि ड्रोनमार्फत आपूर्ति पुऱ्याउने, आवश्यकताअनुसार प्याक जनावर प्रयोग गर्नेजस्ता उपायहरू चीनले अवलम्बन गरेको छ ।

विश्लेषकहरूका अनुसार चीनले तिब्बत र सिन्जियाङमा दोहोरो प्रयोग हुने पूर्वाधार निर्माणलाई रणनीतिक रूपमा उपयोग गर्दै भारतसँगको भविष्य सम्भावित द्वन्द्वका लागि आफूलाई योजनाबद्ध रूपमा तयार पारेको सङ्केत गर्छ । विशेषज्ञहरूका अनुसार तीव्र गतिमा बढिरहेको चिनियाँ पूर्वाधार क्षमताले भारतलाई आफ्नो सीमा क्षेत्रमा विकासको गति अझ बढाउन बाध्य बनाउने देखिन्छ ।

***विस्तृत...***

गर्दै हिँड्नु परेको छ । प्रचण्ड स्वयम्ले 'मैले रुख चिह्नमा भोट हालेको हुँ' भनी सार्वजनिक रूपमा भन्नुपर्ने दिन पनि आयो ।

बितेका दुई दशकको अवधिमा माओवादीको ओरालो लाग्ने क्रमले निरन्तरता मात्र पाएको होइन, माओवादी पार्टीकै अवसान भयो । माओवादी विभिन्न पार्टीहरूसँगको एकता भन्दै नेपाली कम्युनिस्ट पार्टी नाममा विलय भयो । यस पार्टीभित्र विगतमा माओवादीको चर्को आलोचना र विरोध गर्नेहरू पनि छन् । यस्तो अवस्थामा माओवादी द्वन्द्वकालीन समस्या समाधान थप जटिल बन्ने निश्चित भएको छ ।

अब माओवादीविरुद्ध अदालतमा दर्ता भएका मुद्दाहरू भताभत ब्युँताउने र नयाँ नयाँ मुद्दाहरू दर्ता गरेको खण्डमा आश्चर्य मान्नुपर्ने छैन । किनभने, माओवादी कमजोर भएपछि मुद्दा लगाउन तयार भएर बसेकाहरूको यहाँ कमी छैन । एउटा राजनैतिक दलले विचार र सिद्धान्त त्यागेपछिको परिणाम कस्तो हुन्छ, माओवादी एक राम्रो उदाहरण बनेको छ ।

विद्यालय, कलेजमा पढिरहेका युवाहरूलाई पढाइ छोड्न लगाएर माओवादीले समाजवादको सपना देखाउँदै बन्दुक बोकाएका थिए । सामन्त र पुँजीवादको विरुद्ध बन्दुक बोकाउने माओवादी नेतृत्व अहिले स्वयम् पुँजीवादमा चुर्लुम्म डुबे । देशमा समाजवाद स्थापना गर्ने सपना बोकेर ज्यानको बाजी लगाएर हिँडेका युवा युवतीहरूसँग न शिक्षा छ न सीप छ । धेरैको जीवन बर्बाद भएको छ । माओवादी नेतृत्वलाई तिनीहरू आफ्नो जीवन बिगारेकोमा आक्रोशित हुँदै सराप्दै छन् । देश, जनता र पार्टी कार्यकर्तालाई नेतृत्वले धोका दिएपछिको अवस्था बुझ्न माओवादीलाई हेरे पुग्छ । न्यायको आशामा बसेका द्वन्द्वपीडितहरूले थप पीडा भोग्नुपर्ने अवस्था आउने सम्भावना देखिँदै छ ।

***हरेक...***

अध्यक्ष जया बडुवालले नगरका हरेक गतिविधिहरू सदैव जनपक्षीय हुनुपर्नेमा जोड दिँदै जनविरोधी गतिविधिको भण्डाफोर गर्दै निरन्तर आन्दोलन चलाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नगरस्तरीय भेलाले वडास्तरीय संरचनाहरू सक्रिय बनाउँदै सङ्गठनलाई अझ प्रभावकारी, चुस्त र योजनाबद्ध रूपमा अघि बढाउने निष्कर्ष निकालेको छ ।

हार्दिक समवेदना



जन्म : २००९/१२/०८
निधन : २०८२/०८/०७

भक्तपुर जिल्ला हाल चा.न.पा. वडा नं. ०९ इथुली टोल बस्ने यस संस्थाका सदस्यता नं. ३४७६ का सदस्य **कृष्णमाया लवजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

हार्दिक समवेदना




जन्म : २००९/१२/०८
निधन : २०८२/०८/०७

नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समितिका सदस्य रामसुन्दर लवजूकी ममतामयी माता **कृष्णमाया लवजू**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल कर्मचारी समाज इन्जिनियरिङ कलेज एकाइ समिति**
लिबाली, भक्तपुर

हार्दिक समवेदना



जन्म : २०१७/१०/२०
निधन : २०८२/०८/०७

यस संस्थाको संस्थापक कोषाध्यक्ष **श्रीप्रसाद प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९

हार्दिक श्रद्धाञ्जली



जन्म
२०२१/१०/१५

जन्म
२०८२/०८/०३

यस समूहका सदस्य राधेश्याम प्रजापतिकी धर्मपत्नी **नानुमाया प्रजापति**को असामयिक निधनप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**पूर्व कर्मचारी समूह**
भनपा

**बालअधिकारको रक्षा गरौं।**

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो ।
- बालअधिकारको रक्षा गरौं ।
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं ।
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं ।
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं ।
- बालअधिकारप्रति संवेदनशील बनौं ।
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

**बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
२०१७/१०/२०

जन्म
२०८२/०८/०७

यस संस्थाका सचिव दिलप्रसाद प्रजापतिका पूजनीय पिता **श्रीप्रसाद प्रजापति**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिबाली, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा